# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नाम:– श्री जिल्ला विकास समितिको कार्यालय, झापा
आर्थिक वर्ष – २०६८।६९

कार्यालय प्रमुख:– स्था.वि.अ.श्री जीवनप्रकाश सिटौला
लेखाप्रमुख:– लेखा अधिकृत श्री मधु पोखरेल
लेखा अधिकृत श्री विरेन्द्रबहादुर बस्नेत
लेखा अधिकृत श्री शालिग्राम चौधरी

बजेट उपशीर्षक नं.:– विभिन्न

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| सि.नं. | वजेट उपशिर्षक नम्वर | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाकी | खर्चमध्ये पेश्की वांकी |
|---|---|---|---|---|---|---|---|
| १. | **जि.वि.स.** | **२६४०२१८९.००** | **७५४६९४३५६.००** | ७८१०९६५४५.०० | **७४८८३१५९४.००** | **३२२६४९५१.००** | ०.०० |

उपर्युक्त अनुसार आर्थिक कारोबारको पेश भएसम्मको श्रेस्ताका आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुका सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीहरुसंग मिति २०६९।०९।१७ मा छलफल गरी कायम हून आएका व्यहोराहरु निम्नानूसार रहेका छन् । लेखापरीक्षणको क्रममा बढी भुक्तानी भएको रकम रु. ११०१८।०० असुल गरी राजश्व खाता दाखिला भएको छ ।

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १. | | **परिचय –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, झापाको आर्थिक वर्ष २०६८।६९ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ। | | | |
| २. | | **आय–व्ययको स्थिति –** आ.व.२०६८।६९ को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ। | | | |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **सि. नं.** | **विवरण** | **रकम** | **सि. नं.** | **विवरण** | **रकम** |
| १ | गत वर्षको जिम्मेवारी | २६४०२१८९.०० | १ | बजेट खर्च | २८०६८२५९५.६५ |
| २ | **नेपाल सरकारको अनुदान** | | २ | भारतीय सहयोग कार्यक्रम | १९९६२१०३.०८ |
| | (क) जि.वि.स.अनुदान चालु/पुंजीगत | ७८०२५२९५.०० | ३ | अन्य निकाय खर्च | २८४८०५४१.२७ |
| | (ख) गा.वि.स.अनुदान चालु/पुंजीगत | ११९९४७०००.०० | ४ | धरौटी खर्च | २५०५०४२०.०० |
| ३ | **आन्तरिक स्रोत** | | ५ | केन्द्रिय बजेट शिर्षक खर्च | ३८५५७५९५६.०० |
| | (क) कर दस्तुर,सेवा शुल्क र भाडाबाट | ४५४३२११४.०० | ६ | बैंक मौज्दात | ३२२६४९५१.०० |
| | (ख) राजस्व बांडफांडबाट | ३१०६४१८०.०० | ७ | **सापटी फिर्ता प्राप्त गर्न बाकी** | ९०७९९७८.०० |
| ४ | भारतीय सहयोग कार्यक्रम | २११६१७२१.०० | | | |
| ५ | अन्य निकायबाट प्राप्त कार्यक्रम/अनुदान | ५०७१६५६३.०० | | | |
| ६ | धरौटी | २२७७१५२७.०० | | | |
| ७ | केन्द्रिय बजेट शिर्षक | ३८५५७५९५६.०० | | | |

| सि.न. | शिर्षक | लगत हसवली | असूली | दाखिला | बांकी | |
|---|---|---|---|---|---|---|
| | | | | | लगत | नगद |
| १ | १५११२ | ९९९७००.०० | ९९९७००.०० | ९९९७००.०० | - | - |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २.१ | | उल्लेखित आय–व्यय विवरणमा वर्तमान विकेन्द्रित व्यवस्था अनुसार जिल्लास्थित विभिन्न कार्यालयहरु लाई निकासा दिएको रकम समावेश गरिएको छैन। | | | |
| २.२ | | आन्तरिक श्रोत कर दस्तुर, सेवा शूल्क, राजश्व बांदफांद रकम लेखाशाखामा आम्दानी गरेको आयलाई मात्र समावेश गरिएको छ। | | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३. | | **बैंक हिसाव बिबरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व. लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयले निम्न बमोजिम आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु. ३२२६४९५१।०० मौज्दात देखाएकोमा बैंक अनुसार रु. ३४५१२२७३।४२ रहेको प्रस्तुत बैक प्रमाणहरुबाट देखिन्छ ।<br>जिल्ला विकास समितिले यसरी बढी बैंक मौज्दात देखाएकोमा बैंक समायोजन हिसाब तयार नगरी लेखा अद्यावधिक नगर्नु नै मुख्य कारण रहेको पाइन्छ ।<br>यसरी बैंक समायोजन हिसाब तयार नगरी फरक मौज्दात देखाउनाले आर्थिक अभिलेख सारपूर्ण नहुने अवस्था रहन्छ ।<br>कार्यालयको स्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु. ३२२६४९५१।०० मौज्दात बांकी देखाएकोमा पेश भएको बैंक मौज्दात विवरण अनुसार रु. ३४५१२२७३।४२ मौज्दात देखिएकोले रु. २२४७३२२।४२ बढी बैंक मौज्दात रहेको रकम सम्बन्धमा बैंक समायोजन हिसाब तयार गरी बढी देखिएको रकम आम्दानी बांधी स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिएको रु | २२४७३२२.४२ | | |
| ३.१ | | **सापटी सम्बन्धमाः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा सापटी ल्याइ खर्च गर्ने प्रावधान रहेको पाइदैन । तर कार्यालयले जि.वि.स.कोष पूजिगत र जिविस कोष चालु शीर्षक खाताबाट रु ९०७९९७७९१ सापटी ल्याई विद्यालय भौतिक सुधार कार्यक्रम (भारतीय सहयोग कार्यक्रम) र सडक बोर्ड खातालाई दिई खर्च गरेको पाइयो । निकासा ढिलो आएकोले सापटी ल्याई खर्च गरिएको भनि कार्यालयको भनाई रहेको छ । एउटा शिर्षकबाट सापटी ल्याउने अनि त्यही रकम फेरी पुनः अर्को शिर्षकमा लगि खर्च गर्ने र समयमा सापटी सोधभर्ना गर्ने परिपाटीको विकास नहुनुले समग्र जिविसको आय-व्ययमा त्यसले प्रभाव पार्ने समेत देखिन्छ । सापटी रकम समयमै फिर्ता गरी हिसाव किताव अद्यावधिक गरी आर्थिक प्रशासन चुस्त दुरुस्त राख्नुपर्नेमा सो अनुरुप हुने गरेको छैन । सापटी रकम फिर्ता गरी हिसाव अद्यावधिक गर्नुपर्ने रु. | ९०७९९७७.९१ | | |
| ३.२ | | **कर दाखिला :-**<br>ठेक्का रकम भुक्तानी दिंदा नियानुसार कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ । निम्न शिर्षकवाट कट्टा गरिएको अग्रिम कर रकम सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्नेमा दाखिला भएको नदेखिएकोले दाखिला हुनु पर्ने रु. | | | |

| शिर्षक नं. (खाता) | धरौटी | अग्रिम आयकर | जम्मा रकम |
|---|---|---|---|
| भारतीय दूताबास | १०४६६८७.०० | ३१२९६४.१७ | १३५९६५१.१७ |
| आर. टि. आई स्वाप | २३५००.०० | ७०३९.९० | ३०५३९.९० |
| सडक बोर्ड | १५३८६५.०० | ४५९०४.९८ | १९९७६९.९८ |
| संघीय मामिला तथा संसदीय व्यवस्था | ०.०० | ९७५०.०० | ९७५०.०० |
| **जम्मा** | **१२२४०५२.००** | **३७५७३९.५८** | **१५९९७११.०५** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपरोक्त रकम सम्बन्धित खातामा दाखिला हुन नसक्नुमा सम्बन्धित निकायबाट समयमा निकासा नभएकोले बांकी रहेको कारण देखिन्छ । उपरोक्त रकम सम्बन्धित खातामा दाखिला नहुंदा धरौटी कम आम्दानी देखिएको छ भने राजश्व रकम दाखिला नहुंदा सरकारी राजश्व घटी हुन गएको छ । तसर्थ उक्त रकमहरु समयमा | १५९९७११.०५ | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नै सम्बन्धित खातामा दाखिला गर्नुपर्ने देखिएको रु. | | | |
| ४. | | **<u>धरौटी सम्बन्धमा :</u>**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १७८ नियम अनुसार श्रेस्तामा भन्दा बैकमा बढी मौज्दात रहेको रकम आम्दानी बांधनु पर्ने व्यवस्था छ ।<br>गत वर्षको धरौटी मौज्दात रु. १७७३२१३४।७० रहेको र यस वर्ष रु. २२७७१५२७२५ थप भई रु. ४०५०३६६१।९५ रहेकोमा रु. ४०८६७३७७९ फिर्ता र रु. २०९६३६८२।३८ सदरस्याहा भई रु. १५४५३२४१।७८ बांकी देखिएको छ ।<br>कार्यालयबाट पेश भएको आर्थिक विवरण अनुसार २०६९ आषाढ मसान्तसम्म रु. १५४५३२४१।७८ श्रेस्ता अनुसार मौज्दात बांकी रहेकोमा प्राप्त बैंक मौज्दात विवरण अनुसार रु. १६६३४२४७६४ बांकी देखिएकोले फरक रकम रु. ११८१००५।८६ बैंक मौज्दात बढी देखिएको छ ।<br>बैंक जम्मा गरेको बैंक भौचर कार्यालयमा पेश हुन नआएकोले बैंक खातामा मौज्दात बढी देखिएको भनी कार्यालयले जनाएकोले कार्यालयवाट समयमै यकिन नगुर्न नै मुख्य कारण रहेको देखिन्छ ।<br>यसरी श्रेस्ता भन्दा बढी धरौटी रकम बैंकमा रहंदा हिनामिना हुन सक्ने र धरौटी हिसाव स्पष्ट नहुने अवस्था रहन सक्दछ । यसरी श्रेस्तामा भन्दा बढी रहेको धरौटी रकम एकिन गरी आम्दानी बांधी श्रेष्ता अद्यावधिक गर्नुपर्ने रु. | ११८१००५.८६ | | |
| ५. | | **<u>पेश्की सम्वन्धमा :</u>** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कामको लागि के कती रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो । आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बांकी रहेको कोष तर्फको बिभिन्न शिर्षक अन्तर्गतको पेश्की यस प्रकार छ । | | | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|
| १ | **सञ्जय भूईमाली** | ८०००।०० | जि. वि.स. अनुदान |
| २ | **लक्ष्मण खड्का** | ५००००।०० | जि. वि.स. अनुदान |
| ३ | **गेरामारी खजुरगाछी सडक निर्माण उस** | १००००।०० | जि. वि.स. अनुदान |
| | जम्मा | **६८०००.००** | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | केशव मैनाली | ७५०००\|०० | जि.वि.स. कोष (चालु) |
| २ | रामलखन राउतवरै | ३००००\|०० | जि.वि.स. कोष (चालु) |
| ३ | डिल्लीराम नेपाल, मोटरसाईकल सापटी | २३९३६\|०० | जि.वि.स. कोष (चालु) |
| ४ | हेमराज गौतम | ५०००\|०० | जि.वि.स. कोष (चालु) |
| ५ | ज्ञानेन्द्र चौधरी | १५०००\|०० | जि.वि.स. कोष (चालु) |
| | जम्मा | **१४८९३६.००** | |

| | | | |
|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | १०००००\|०० | जि.वि.स. कोष (पुजिगत) |
| २ | किरात याकथुम्बु चुम्लुङ्ग | २००००\|०० | जि.वि.स. कोष (पुजिगत) |
| ३ | सडक मर्मत उपभोक्ता समिति | २५००००\|०० | जि.वि.स. कोष (पुजिगत) |
| | जम्मा | **३७००००.००** | |

| | | | |
|---|---|---|---|
| १ | विश्वनाथ निर्माण सेवा | १९१०००\|०० | **RTISWAP TT** |
| २ | मां निर्माण सेवा | १०६०००\|०० | **RTISWAP TT** |
| ३ | चन्द्र निर्माण सेवा | २०२०००\|०० | **RTISWAP TT** |
| | जम्मा | **४९९०००.००** | |

| | | | |
|---|---|---|---|
| १ | सुशिल श्रेष्ठ | ५००००\|०० | भारतीय दूताबास |

| | | | |
|---|---|---|---|
| १ | ॐ चौक कल्भर्ट निर्माण उ.स. | ६३५०९६\|०० | कर्मशियल एग्रिकल्चर एलायन्स |
| २ | कृषि बजार व्यवस्थापन समिति | १४९८१४३\|१८ | कर्मशियल एग्रिकल्चर एलायन्स |
| ३ | कृषि बजार तथा ढल निर्माण | १४३५२६२\|०० | कर्मशियल एग्रिकल्चर एलायन्स |
| ४ | अदुवा बजार प्रवर्द्धन केन्द्र | ७९९२००\|०० | कर्मशियल एग्रिकल्चर एलायन्स |
| ५ | ॐ चौक कल्भर्ट निर्माण उ.स. | ५६००००\|०० | कर्मशियल एग्रिकल्चर एलायन्स |
| | जम्मा | **४९२७७०१.१८** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्योट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु | ६०१३६३७.१८ | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पर्नाको साथै उल्लेखित पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | | | |
| ५.१ | | **पेश्की जिम्मेवारी सम्बन्धमा :** कार्यालयबाट पेश भएको विवरण अनुसार गत वर्ष सम्मको कोष तर्फको पेश्की रु. १८९५१९७९।०३ पेश्की जिम्मेवारी सारेकोमा यस वर्ष रु. ११९५७३१।०० फछ्र्यौट भई बाँकी रु. १७७८१२४८।०३ देखिन्छ । चालु वर्षको रु. ६०१३६३७।१८ थप भई रु. २३७९४८८५।२१ बांकी रहेको छ ।<br>बाँकी पेश्की रकम कार्यालयले नियमानुसार कावांही गरी असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ । | | | |
| ५.२ | | कार्यालयले सफ्टवेयर प्रयोग गरी लेखा राखेकोमा गत विगत वर्ष पेश्की बांकी हुनेको नाममा यो वर्ष पनि पुन: पेश्की उपलव्ध गराइएमा पेश्की बांकीको विवरणमा सम्पूर्ण पेश्कीको मिति आर्थिक वर्षको पहिलो दिन अर्थात श्रावण १ गते उल्लेख भई प्रतिवेदन तयार हुने गरेको पाइयो । यसरी गलत मिति उल्लेख गरी प्रतिवेदन हुने गरेको कारण म्याद नाघे ननाघेको हिसाब गर्न तथा व्याज असुल गर्न द्विविधा पर्न जाने देखियो । अत: सफ्टवेयरमा भएको कमजोरीको सुधार हुनुपर्ने देखियो । | | | |
| ६. | | **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु. १ करोड भन्दा बढी वार्षिक आय हुने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ ।<br>जिल्ला विकास समितिले यस वर्ष कर दस्तुर, सेवा शूल्क, भाडा आदिबाट भएको असुली रु. ४५४३२११४।०० को २५ प्रतिशतले हुने रु. ११३५८०२८।०० खर्च गर्न सक्नेमा रु. १७७२४०८५।०० खर्च भएको जनाएको छ ।<br>प्रशासनिक खर्च बढी हुनुमा आन्तरिक श्रोतबाट व्यहोर्नु पर्ने कर्मचारी बढी रहनु र कर्मचारीलाई दिईने थप सुविधा भत्ताका कारण खर्च बढेकोले प्रशासनिक खर्च बढी भएको देखिन्छ ।<br>तोकिएको सीमा भन्दा बढी प्रशासनिक खर्च हुदा निर्माण सुधारका कार्य गर्ने श्रोततर्फ कम रकम बांडफांड गर्नुपर्ने हुन्छ ।<br>नियमले तोकेभन्दा बढी रु. ६३६६०५८।०० प्रशासनिक खर्च लेखेको नियमानुसार भएको नदेखिएको रु. | ६३६६०५८.०० | | |
| ७. | १०-०६९।२।२३ | **राजश्व बांडफांड**<br>स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ को अनुसुची २६ को द्रष्टव्यमा जिल्ला विकास समितिलाई प्राप्त हुने राजश्व बांडफांड वापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ ।<br>कार्यालयले यस वर्ष राजश्व बांडफांड ( रजिष्ट्रेशन शुल्क ) खाताबाट रु. ४०००००।०० चालु खर्च खाता ग-२-१/०१ मा ट्रान्सफर गरेको पाइयो ।<br>राजश्व बांडफांडको रकम चालु खर्चमा लग्नाको कारण कार्यालयलाई सो सम्बन्धी जानकारी नरहेको भनाई रहेको छ । राजश्व बांडफांडको रकमबाट चालु खर्चमा रकम ट्रान्सफर गर्दा योजना संचालन गर्न खर्च गर्नुपर्ने रकम चालु प्रकृतिको खर्चमा खर्च गर्नाले विकास निर्माणको कार्यलाई प्रभाव पार्दछ ।<br>तसर्थ कार्यालयले नियममा भएको व्यवस्थाको पालना गरी राजश्व बांडफांडको रकमबाट चालु खर्चमा | ४००००००।०० | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ट्रान्सफर गरेको नियमानुसार नभएको रु. | | | |
| ८. | २६–०६९।३।२९ | **भारतीय दुतावास**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२६ अनुसार कुनै निर्माण कार्यको भेरिएसन गर्नुपर्ने भएमा स्वीकृत गराउनु पर्ने व्यवस्था छ । मंगलमय उच्च मावि भवनको निर्माण व्यवसायी धुकुचु/शिवाको/राजधानी जेभीले निर्माण कार्य गरिरहेको पाइयो । उक्त निर्माण कार्य मध्ये **Plain cement concrete 3:4:8 in foundation** कार्यको **BOQ** मा ४८.१५ घ. मि. मात्रको कार्य गर्नुपर्नेमा आठौं रनिङ्ग विल भुक्तानी दिंदा ५३.५३ घ. मि. कार्य भएको भनी भेरिएसन आदेश स्वीकृत नभई बढी कार्य ५.३८ घ. मि. को दर रु. २०००।०० ले हुने रु. १२१५८।८० भुक्तानी दिएको पाइयो ।<br>सानो परिमाणको भेरिएसन स्वीकृत गराउन आवश्यक नठानेको कारणले गर्दा भुक्तानी दिएको देखिन्छ । भेरिएसन स्वीकृत नगराउँदा बढी रकम भुक्तानी भएको छ । तसर्थ भेरिएसन स्वीकृत विना नै भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिएको रु. | १२१५८.८० | | |
| | | **जि.वि.स. कोष चालु तर्फ :** | | | |
| ९. | | जिल्ला विकास समितिले पारित आफ्नो वार्षिक योजना तथा कार्यक्रममा समावेश भएको रकमबाट विभिन्न संघ संस्थालाई आर्थिक सहायता स्वरुप रकम उपलब्ध गराउन सक्ने व्यवस्था छ ।<br>जिविसले देहायका भौचरबाट जिल्ला एड्स समन्वय समितिलाई त्यहाँ कार्यरत कर्मचारीको तलबको लागि भनी मांग भए बमोजिम रकम उपलब्ध गराएको छ । उक्त एड्स समन्वय समितिमा कति कर्मचारी कार्यरत छन् । त्यसले कहाँ कहाँबाट आय प्राप्त गर्दछ । त्यसलाई कर्मचारीहरुलाई तलब प्रदान गर्न कति रकम अपुग देखिन्छ भन्ने जस्ता अनुमानित एवम् गतको वास्तविक वित्तिय स्थिति देखाउने कगजातहरु समेत पेश नगरी उनीहरुको रकम मांगको लागि भएको निर्णयको प्रतिलिपि पेश गरी रकम मांग गर्ने र सोही बमोजिम जिविसले दिने गरेको देखिएको छ । | | | |

| गो भौ. नं./मिति | रकम |
|---|---|
| ४९–०६८।६।६ | १५२०००.०० |
| १०९–०६८।७।२९ | १२१०००.०० |
| १६४–०६८।९।२४ | १८७०००.०० |
| | ४६००००.०० |

जिविसको वार्षिक कार्यक्रममा राखी दिइएको भनाई रहेको छ । तर ती संस्थाहरुले आफ्नो आयको स्रोत तथा व्ययको सम्पुर्ण विवरण नखुलाई त्यहाँका कर्मचारीहरुलाई तलबको लागि मांग गरेको रकम कर्मचारीरुको तलबमा नै खर्च भएको नहुन सक्छ । तसर्थ जुन उद्देश्यको लागि सहयोग गरेको हो, सोहीमा सो रकम खर्च भएको छ भन्ने आधारहरु सहितको

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रमाणहरु श्रेस्ता साथ राख्न जरुरी छ । | | | |
| १०. | १९६-०६८।११।३ | स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम २१७ (४) मा जिन्सी मालसामान हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्दछ । उक्त सामान बुझिलिनेबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि कार्यालयले त्यस्ता सामानको लगत कट्टी गर्नुपर्ने कुरा उल्लेख छ ।<br>कार्यालयले सुकुम्बासी समस्या समाधान आयोग, झापालाई सहयोग स्वरुप रु. ५००००।०० को सोफा खरिद गरी बुझाएको भनी खर्च लेखांकन गरिएको छ तर उक्त सामानको हस्तान्तरण फाराममा सामान बुझ्नेको नाम र दस्तखत छैन भने सामान बुझी उसले आम्दानी जनाएको प्रमाण समेत पेश गरेको देखिएन ।<br>सामान बुझाएको तर सही गराउन छुट भएको भन्ने कारण देखियो । यस किसिमका जिन्सी संस्थागत सहयोग दुरुपयोग हुन सक्छ । तसर्थ नियममा व्यवस्था भए बमोजिमले जिन्सी हस्तान्तरण गरी प्राप्त गर्नेले आम्दानी जनाएको प्रमाण पेश भएपछि मात्र जिन्सीको लगत कट्टी गर्नु पर्दछ । अतः उक्त सामान हस्तान्तरण भएको भरपाई सहित सुकुम्बासी समस्या समाधान आयोगले आम्दानी जनाएको प्रमाण पेश हुनुपर्ने रु. | ५००००.०० | | |
| ११. | २६०-०६९।१।५ | स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा स्वीकृत कार्यक्रममा भएको खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ ।<br>धाईजन र पाठामारी गविसमा वातावरण र स्वास्थ्य जनचेतना कार्यक्रम मिति २०६८/१२/२६ देखि २०६८/१२/२८ सम्म संचालन गरिएको छ । त्यस कार्यक्रममा भएको खर्चको लेखांकनमा सहजकर्ताको रुप्मा ले. अ. विरेन्द्रबहादुर बस्नेतले रु. ३०००।०० सहजिकरण वापतको भत्ता बुझेको भरपार्य पेश भएन । निजलाई सोध्दा उक्त रकम नबुझेको कुरा स्पष्ट भएको छ । उक्त भत्ता वापतको रकममा आय कर ऐन अनुसार लाग्ने कर रु. ३००।०० कट्टी भई दाखिला भएको देखिएकोले बाँकी रु. २७००।०० कार्यक्रम संचालनबाट असुल गर्नुपर्ने देखिएका छ ।<br>यसरी आवश्यक विल भरपाई बेगरको खर्चले जथाभावी खर्चलाई प्रश्रय मिल्न सक्ने हुँदा रकम खर्च भएको पुष्ट्याई हुने गरी खर्च सम्बन्धी विल भरपाई राख्नु पर्दछ । भरपाई बेगरका खर्च समावेश गर्नु हुँदैन । यसर्थ उपरोक्तानुसार सहजकर्तालाई नबुझाएको तर खर्च लेखांकन भएको रकम असुल हुनुपर्ने रु. | २७००.०० | | |
| १२. | | स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५३ मा स्थानीय निकायमा रहेको मालसामान मर्मत सम्भार गर्नुपर्ने अवस्थामा निकायको प्रमुखलाई जानकारी गराई लागत अनुमान तयार गराई स्वीकृत गराउनु पर्ने कुरा उल्लेख छ । त्यस्तै नियम ६० को अनुसूची (क, ख) बमोजिम चल्ती मेशिन वा सवारीको मर्मत अभिलेख किताब राख्नु पर्ने व्यवस्था छ । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
कार्यालयलये विभिन्न मितिमा विभिन्न बजेट उपशिर्षक अन्तरगतको रकमबाट कार्यालयको सवारी साधन जीप र यो बजेट शिर्षकबाट चल्ती मेशिन ग्रेडर मर्मतमा प्रशस्त रकम खर्च गरेको छ तर ति साधन मर्मत गर्दा पुर्व लागत अनुमान तयार गरी स्वीकृत गराउने, विभिन्न वर्कसपबाट दरभाउपत्र लिई किफायती अपनाउने र सो मर्मत सम्भारको नियममा व्यवस्था भए बमोजिम अभिलेख राख्ने गरेको देखिएन । उदाहरणको लागि
<table>
<tr><th>गो भौ. नं./मिति</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>१९०–०६८।१०।१२</td><td>ग्रेडर मर्मत</td><td>५००००.००</td></tr>
<tr><td>२०१–०६८।११।१६</td><td>ग्रेडर मर्मत</td><td>१७५०००.००</td></tr>
<tr><td>२५६–०६९।१।४</td><td>ग्रेडर मर्मत</td><td>४८२००.००</td></tr>
<tr><td>२८७–०६९।२।२१</td><td>ग्रेडर मर्मत</td><td>९००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६३२००.००</td></tr>
</table>
यसरी सवारी साधन वा मेशिनको मर्मत सम्भार गर्दा अपनाउनु पर्ने प्रक्रिया र अभिलेख नहुनु नियमको पालना प्रति ध्यान कम हुनु नै हो । जसले आन्तरिक नियन्त्रण पक्षलाई कमजोर बनाउँदछ । अतः नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार अभिलेख दुरुस्त राख्न र मर्मत सेवा खरिदका प्रक्रियाहरु अपनाउन जरुरी छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>१३.</td><td>७-०६८।४।२६</td><td>
पर्यटकीय सम्भावना पुस्तक छपाई रु. २८१३७०।०० मा भरत आर्ट एण्ड स्क्रीन प्रिन्टको निम्न विजकहरु केरमेट गरी सच्याइएको छ ।
<table>
<tr><th>विजक नं.</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>४।०६८।४।२६</td><td>VAT सहित रु.</td><td>९४९२०.००</td></tr>
<tr><td>२।०६८।४।२६</td><td>VAT सहित रु.</td><td>१४६९००.००</td></tr>
<tr><td colspan="2"></td><td>२४१८२०.००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>१४.</td><td></td><td>
आन्तरिक लेखापरिक्षण :- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ ।<br>
यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । आन्तरिक लेखापरीक्षणको प्रतिवेदन २०६९।४।३० मा पेश गरेको देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु मात्र औंल्याएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो पेश्की फछ्र्यौट गरेको पाईएन । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्ने गरेतापनि बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो ।<br>
जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण समेत जि.वि.स. कै लेखापरीक्षकवाट हुने हुंदा कार्यवोझको कारणले समयमै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन ।<br>नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश निम्न व्यहोरा उपर कारबाही भएको पाइएन । | | | |
| १४.१ | ३२-०६८/५/१५ | **बैठक भत्ता रु. १८७००।०० भुक्तान गर्ने क्रममा करकट्टी नै नगरी करकट्टी पछिको रकम भुक्तान गरिएको हुंदा अविलम्व सो कर रकम सम्बन्धित निकायमा दाखिला गर्नुपर्ने रु.** | ३३००.०० | | |
| १४.२ | ८८, ३२० | **विभिन्न योजनाको प्रभाव मुल्यांकनको खर्चको सा. प. राजन न्यौपानेको पेश्की फछ्र्यौट रु. ८०,०००।०० एवम् जम्मा खर्च रु. १,०२,५००।०० रहेकोमा सो को प्रतिवेदन लेखापरीक्षणको सिलसिलामा उपलब्ध नभएको हुंदा सो संलग्न गरी नियमित गर्नुपर्ने रु.** | ८००००।०० | | |
| १४.३ | ११२-०६८/८/२ | **वि. एन. इन्टरप्राईजेज, विर्तामोड मार्फत ग्रेडरको ब्लेड सहित विभिन्न सामान खरिद रु. ५८३०८।०० ( मु. अ. कर सहित ) रहेकोमा सो को नियमानुसार १.५ प्रतिशत करकट्टी नगरी भुक्तान गरिएको हुंदा सो रकम सम्बन्धित निकायमा दाखिला गर्नुपर्ने रु.** | ७७४।०० | | |
| १४.४ | १८५-०६८/१०/१५ | **मे. १ च. १७०८ गाडी मर्मत न्यू पूर्वाञ्चल अटो सेन्टर विर्तामोड मार्फत मर्मत गरिएकोमा सो को नियमानुसारको मु. अ. कर विजक संलग्न नभएको रु.** | २०५००।०० | | |
| १४.५ | २६०-०६९/१/५ | **वातावरण कार्यक्रम अन्तरगत वा. अ. ज्ञानेन्द्र चौधरीको पेश्की फछ्र्यौट रु. २१३७२०।०० गर्ने क्रममा विभिन्न जिन्सी सामान खरिद गरिएकोमा सो को जिन्सी दाखिला नरहेको हुंदा सो दाखिला गरी नियमित गर्नुपर्ने रु.**<br>**उक्त तालिमको प्रतिवेदन लेखापरीक्षणको सिलसिलामा उपलब्ध नभएको र प्रतिवेदन खर्च लेखिएको हुंदा सो संलग्न गरी नियमित गर्नुपर्ने ।** | १७७७०।०० | | |
| | | **उक्त भौचरमा खर्च विल भरपाई रु. २०४५४१।०० मात्र भौचरमा समावेश भएको पाइएको हुंदा बांकी नपुग विल भरपाई संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने ।** | | | |
| १४.६ | २८७-०६९/२/२१ | **वि. एन. इन्टरप्राईजेज मार्फत ग्रेडर मर्मत वापत मु. अ. कर सहित रु. ७३७९८।०० भुक्तान गरिएकोमा सो को नियमानुसार १.५ प्रतिशत स्रोतमा करकट्टी नगरी नै रकम भुक्तान गरिएको हुंदा सो रकम सम्बन्धित निकायमा दाखिला गर्नुपर्ने रु.** | ९७९।०० | | |
| | | | | | |
| | | **<u>जिविस कोष पूंजीगत</u>** | | | |
| १५. | २८५-०६८/१२/२२ | **कोरोवारी गाविस मार्फत वडा नं.-७ र ८ वगाहा चौधरी मागुरमाडीको रकम भुक्तान हुंदा लागत अनुमान रु. २०१६०९।७५, मुल्यांकन रु. १८६६०९।७५ देखिदा विनियोजित रु. १५००००।०० पुरै भुक्तान भएको देखिएकोले लागत अनुमान, मुल्यांकन र विनियोजित रकमको अनुपातमा रु. १३८८३९।८३ मात्र भुक्तान हुनुपर्नेमा बढी भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रु.** | १११६०।०० | | |
| १६. | ४८०-०६९/३/२५ | **खजुरगाछी गाविस मार्फत दामुना बजार दक्षिण सिहियाडुब्बा हुंदै हुलाकी मार्गसम्म जाने सडक ग्राभेलको रकम भुक्तान हुंदा लागत अनुमान रु. १८२३१९।३० मुल्यांकन रु. १७२२२४।७५ देखिदा विनियोजित रु. १५००००।०० पुरै भुक्तान भएको देखिएकोले लागत अनुमान, मुल्यांकन र विनियोजित रकमको अनुपातमा रु. १४१६९४।८८ मात्र भुक्तान हुनुपर्नेमा बढी भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रु.** | ८३०५।०० | | |
| १७. | ४८४-०६९/३/२५ | **लसुनगञ्ज सेतुमाडी सडक ग्राभेल उपभोक्ता समिति, कुमरखोदलाई अन्तिम विल भुक्तान हुंदा लागत अनुमान रु. १६८२२१।७५ मुल्यांकन रु. १५६०४४।९५ देखिदा विनियोजित रु. १०००००।०० पुरै भुक्तान भएको देखिएकोले लागत** | ७२३९।०० | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अनुमान, मुल्यांकन र विनियोजित रकमको अनुपातमा रु. ९२७६१।४६ मात्र भुक्तान हुनुपर्नेमा बढी भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रु. | | | |
| | | **धरौटी** | | | |
| १८. | | चालु आ. व. मा कर शाखाले देहाय बमोजिम धरौटी रकम सदरस्याहा गरी कर शाखाको प्रगतिमा आम्दानी जनाई सकिएको तर सो रकमहरु आर्थिक प्रशासन शाखामा धरौटी खाताबाट आम्दानी खातामा ट्रान्सफर गरी सदरस्याहा गरेको नपाइएको हुंदा अविलम्व सो गर्नुपर्ने सम्बन्धमा प्रतिवेदन गरिएको छ । | ३६५००।०० | | |

| ठेकेदारको नाम | शिर्षक | धरौटीवालाको नाम (सहमती दिने) | सदरस्याहा गर्नुपर्ने रकम |
|---|---|---|---|
| देवेन्द्र कार्की, भान्जा भेटर्स फर्मा | इटाभट्टा गाडागल्ली सडक | आफ्नै | ७५००।०० |
| विकी लिम्बु | कांकरभिट्टा बाहुण्डांगी सडक | स्वदेश कृषि खरिद विक्री केन्द्र (आफ्नै) | १५०००।०० |
| | | दर्पण गोष्ट हाउस (चन्दा लिम्बु) | १४०००।०० |
| | | | ***३६५००।००*** |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **आय बक्यौता सम्बन्धमा :** | | | |
| १९. | | विगत कैयौं आ. व. देखि जिविसका विभिन्न ठेक्का कर एवम् टहरा पसल भाडाको ठुलो रकम बक्यौता देखिएको एवम् आ. व. ०६८/६९ को रकम समेत ठुलो बक्यौता देखिएको हुंदा कार्यालयले विशेष पहल गरी रकम असुल उपर गर्न सके जिविसको आन्तरिक आय रु. १९५६६९८४।९३ ले बढ्नु जाने देखिएको हुंदा तत्सम्बन्धमा अविलम्व पहल गर्नुपर्ने देखिन्छ । | | | |

| विवरण | ०६८/६९ सम्मको बक्यौता |
|---|---|
| आय ठेक्का बक्यौता | १८८६२४३५।९३ |
| टहरा पसल भाडा बक्यौता | ७०४५४९।०० |
| जम्मा | *१९५६६९८४।९३* |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ***आ. व. ०६८/६९ सम्मको धरौटी सापटी विवरण :*** | | | |
| २०. | | नियमानुसार धरौटी खाताबाट अन्य खातालाई सापटी दिन नमिल्ने भएतापनि विगत कैयौं वर्षदेखि देहाय बमोजिम धरौटी खाताबाट अन्य खातालाई सापटी स्वरुप रकम गएको पाइएको र समान्य प्रयासबाट समेत कतिपय सापटी रकमलाई हिसाव मिलान गर्न सकिने अवस्था रहेको हुंदा अविलम्व धरौटी मार्फत गएको सापटी फिर्ता प्राप्त गरी आम्दानी गर्नु पर्दछ । | | | |

| सि. नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | दैवी प्रकोप खाता हि. नं. ३१९ | ५०००।०० |
| २ | जि. वि. स. कोष हि. नं. १२ वि | १०००००।०० |
| ३ | प्रा. स. खाता हि. नं. १३४ | २००००।०० |
| ४ | प्रा. स. खाता हि. नं. १३४ (आ. व. ०४७/४८ बाट म. ले. प. बेरुजु) | ७४५८८।२० |
| ५ | जि. वि. स. कोष हि. नं. १२ वि | ५०००।०० |
| ६ | गा. वि. खाता ( आ. व. ०४५/४६ बाट म. ले. प. ) | ९७१३२।६० |
| ७ | ट्युबवेल खाता | ८१५।०० |
| ८ | प्रशासन अनुदान | १३७६८।५२ |
| ९ | सुर्यनारायण श्रेष्ठ ( सापटी, आ. व. ०४४/४५ भन्दा अगाडीको ) | ४५०।०० |
| १० | प्र. जि. अ. कार्यालय | १६३६।४९ |
| ११ | मदनप्रसाद श्रेष्ठ | १५००।०० |
| १२ | बालकृष्ण श्रेष्ठ | ३००।०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>गोविन्दप्रसाद चालिसे</td><td>६००।००</td></tr>
<tr><td>१४</td><td>फडिन्द्र बन</td><td>१५०।००</td></tr>
<tr><td>१५</td><td>आ. व. ०४४/४५ अडिट प्रतिवेदनबाट बांकी</td><td>४९९९७।३३</td></tr>
<tr><td>१६</td><td>इसु निर्माण सेवा ( आ. व. ०४९/५० सम्मको सापटी )</td><td>११८५।८४</td></tr>
<tr><td>१७</td><td>कुमार निर्माण सेवा</td><td>२०८८।३४</td></tr>
<tr><td>१८</td><td>अजित राजवंशी</td><td>२६७९।८०</td></tr>
<tr><td>१९</td><td>ढाकाप्रसाद भट्टराई</td><td>१२९।८०</td></tr>
<tr><td>२०</td><td>ऋषिकुमार अग्रवाल</td><td>५००।००</td></tr>
<tr><td>२१</td><td>नारायण उप्रेती</td><td>६००।००</td></tr>
<tr><td>२२</td><td>अर्जुन निरौला</td><td>५००।००</td></tr>
<tr><td>२३</td><td>टेकनाथ चापागाई</td><td>४००।००</td></tr>
<tr><td>२४</td><td>निर्वाचन आयोग</td><td>६४।८८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७९०८६।८०</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि सबै बुदाको कारबाही गर्न समय कम रहेको मुख्य कारण रहेको पाइएको छ । प्रतिवेदनको कारवाही यथाशिघ्र नगरीदा हुनसक्ने सुधारहरु नहुने अवस्था रहने गर्दछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२१.</td><td></td><td><u>जिन्सी :</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयले आर्थिक बर्ष ०६८।६९ को जिन्सी निरीक्षण प्रतिवेदन २०६९।३।२८ मा गरी पेश भएकोमा सो प्रतिवेदन मा उल्लेख भएको निम्नानुसारको काम कारवाही भए गरेको पाइएन ।<br>जिन्सी सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।<br>१. निरीक्षण फाराममा उल्लेख भएका चालु हालतमा नरहेका बिभिन्न सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नु पर्ने भए थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० को कार्यविधि पुरा गरी भण्डार व्यवस्थापनलाई चुस्त पार्नु पर्ने देखिन्छ ।<br>२. एक जिप गाडी समेत १९ प्रकारका सामानहरु लिलाम विक्री गर्न मूल्याङ्कन भई प्रक्रिया अगाडी बढाई लिलाम विक्री गर्नु पर्ने ।<br>३. क्यामरा, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदाँ उक्त सामानहरुको स्पेसिफिकेशन, सिरियल नम्वर, मोडल नं. आदी उल्लेख गरी सहायक रजिष्टरमा राख्नु पर्ने र सोही अनुसार जिन्सी खातामा समेत खुलाई राख्नु पर्ने देखिन्छ ।<br>४. भौतिक परिक्षण गर्दा केही जिन्सी सामानहरुको मूल्य खुलाई राखेको देखिएन । नियमानुसार मुल्य खुलाई</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>आम्दानी जनाउनु पर्दछ ।<br>५. जिन्सी सामानहरुको लगत कम्प्टरकृत भएतापनि सोही सामानहरुको विवरण जिन्सी पुस्तिकामा समेत लगत अद्यावधिक गर्नुपर्नेमा गरेको देखिएन ।<br>जिन्सी व्यावस्थापन गर्न व्यवस्था भएका प्रकृया र पद्धतिको परिपालना गर्न कार्यालय सचेत नरहनुको मुख्य कारण पाइन्छ ।<br>यसले गर्दा जिन्सी सामानको वास्तविक अवस्था देखिने स्थिति भएन । यसबाट सरकारी सम्पत्तिको सुरक्षा हुन नसकी हानी नोक्सानी हुन सक्ने  देखिन्छ ।<br>अतः उक्त सामान व्यवस्थित गरी राख्ने र काम नलाग्ने तथा मूल्य नखुलेका सामानहरुको लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामाग्रीको हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२२.</td><td></td><td><u>अनुसूचीहरुको प्रयोग सम्बन्धमा :</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) वमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ  कार्यालयले अनुसूचिमा  तोकिएका निम्न अनुसूचीहरु तथा फारामहरु अद्यावधिक गरी राखेको पाइएन ।
<table>
<tr><td>अनुसूची १५</td><td>दैनिक कारोवार विवरण</td></tr>
<tr><td>अनुसूची ३५</td><td>बैंक ग्यारेन्टीका अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची ६२</td><td>डोर हाजिरी नियन्त्रण खाता</td></tr>
<tr><td>अनुसूची ६७</td><td>आइटमवाइज कार्य अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची ६८</td><td>ठेकेदार/उपभोक्ता समिति/गैर सरकारी संस्थाको व्यक्तिगत खाता</td></tr>
<tr><td>अनुसूची ७२</td><td>खरिदको गुरुयोजना</td></tr>
<tr><td>अनुसूची ६४</td><td>नापी किताब (नियन्त्रण) अभिलेख खाता</td></tr>
</table>
कामको प्रतिको संवेदनशीलता तथा यसको उपयोगिता सम्वन्धमा मनन हुन नसकेको कारण यी फाराम को प्रयोग हुन नसेकेको देखिन्छ ।<br>उल्लेखित फारामहरुको प्रयोग नहुंदा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा असर पर्ने स्थिति रहेकोछ ।<br>नियमले तोकिदिएका फारामहरुको प्रयोग गरी व्यवस्थापकिय कार्य भरपर्दो बनाउनु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२३.</td><td></td><td><u>आर्थिक कारोबारको निरिक्षण</u> - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउं विकास समिति र नगरपालिका तथा आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।<br>कार्यालयले यस वर्ष गाउं विकास समिति तथा अख्तियारी दिएको कार्यालयबाट भएको आर्थिक कारोबारको निरीक्षण गरी प्रतिवेदन दिने गरेको पाइएन ।<br>नियमको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन नगरिनु नै यसको प्रमुख कारण रहेको देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

नियमको प्रभावकारी कार्यान्वयन नगरिदा आफूले अख्तियारी दिएको रकमको सही र समुचित रुपमा प्रयोग गरिएको छ छैन सो को जानकारी प्राप्त नुहुनुका साथै लक्षित उद्देश्य र कार्यक्रमको लागि दिईएको अनुदान रकम जथाभावी खर्च हुने र लाभग्राही समुह सेवा प्राप्त गर्नवाट बञ्चित हुने अवस्था समेत सिर्जना हुन सक्ने देखिन्छ ।

तसर्थ जिल्ला विकास समितिको सचिवले आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.

**अधुरा योजना :**

कार्यालयबाट संचालित सबै योजनाहरु तोकिएकै समयमा सम्पन्न गर्नु पर्दछ । कार्यालयबाट संचालित योजनाहरु मध्ये रु. १० लाख भन्दा बढीका निम्न योजनाहरु अधुरा रहेको पाइयो ।

| सि.नं. | योजाको नाम | कार्यक्रम | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| १ | सैनिकमोड गोलधाप डिम्माखुट्टी सडक | SWAP | १७९१०८१.७० | ८९०४२२.०० |
| २ | कांकरभिट्टा बाहुण्डांगी गाडागल्ली इलाम सिमा सडक | SWAP | ५६९२५३.३२ | |
| ३ | भद्रपुर ज्यामिरगढी धुलावारी शान्तिनगर इलाम सिमा सडक | SWAP | ५९९६३१.५१ | |
| ४ | गौरिया खोला पुल निर्माण, गौरादह | स्थानीय स्तरका सडक | ३६११०००.०० | ११२६७३८.०० |
| ५ | अदुवा खोला पुल निर्माण | | २४६२२२९.३२ | ४३५०००.०० |
| ६ | फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगरको स्टील पार्टस फ्रेब्रिकेशन तथा ढुवानी सहित | ग्रामिण पहुँच सुधार | २१७००००.०० | |
| | | जम्मा | **११२०३१९५.८५** | |

उपरोक्त योजना समयमा सम्पन्न गर्न नसक्नुमा वर्षादको कारण रहेको उल्लेख गरिएको छ । समयमा काम नसक्दा र योजना अधुरा रहँदा लाभग्राही समुहले उक्त योजनाबाट लाभ पाउन नसक्ने अवस्था रहन्छ । तसर्थ कार्यालयले समयमा नै योजना सम्पन्न गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

**गाविस मालपोत असुल नभएको :**

२५.

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) को अनुसुची ५ को सि. नं.-१.८ मा गाउं विकास समिति र नगरपालिकाहरुले मालपोत संकलन गरी तोकिए अनुसार जिल्ला विकास समितिलाई २५ प्रतिशतले बुझाउनु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयबाट पेश भएको विवरण अनुसार निम्नानुसारका गाविसहरुबाट प्राप्त हुनुपर्ने २२४३५६।०० असुल गर्न बांकी रहेको पाइयो ।

| सि.नं. | गाविस | रकम |
|---|---|---|
| १ | चारपाने | ४९९.०० |
| २ | धरमपुर | २८१८.०० |
| ३ | बालुवाडी | ४३६३.०० |
| ४ | बाहुण्डांगी | २१४५४८.०० |
| ५ | शनिश्चरे | २१२८.०० |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जम्मा २२४३५६.०० <br><br> जिल्ला विकास समितिलाई गाउं विकास समितिले नियमानुसार बुझाउनु पर्ने रकम नुबझाएको कारण उक्त रकम असुल हुन बांकी रहेको देखिन्छ । उपरोक्तानुसारको रकम असुल नहुँदा जिल्ला विकास समितिको आन्तरिक आयमा कमी भएको छ । <br> जिल्ला विकास समितिले गाउँ विकास समितिबाट नियमानुसार प्राप्त गर्नुपर्ने मालपोत रकम चालु आ. व. ०६८/६९ को समेत खोजी गरी असुल गर्नुपर्ने र विगत वर्षको उपरोक्तानुसार बांकी देखिएको रकम असुल गर्नु पर्ने देखिएको रु. | २२४३५६.०० | | |
| २६. | | **उपभोक्ता समितिको दर्ता र सूचिकरण** : जिल्ला विकास समितिद्धारा संचालित रु. ६० लाख सम्मको कारोवार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सोही नियमावलीको नियम १५५(२) मा उपनियम (१) बमोजिमको काम गराउने प्रयोजनका लागि स्थानीय निकायले उपभोक्ता समितिहरुलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । <br> कार्यालयले आ.ब. ०६८/०६९ मा विभिन्न कार्यक्रम अन्तर्गत संचालित अधिकाँश योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गराएकोमा उपभोक्ता समितिको दर्ता तथा विषयगतरुपमा बर्गिकरण नगरी केवल उपभोक्ता समितिको निवेदनको भरमा योजना कार्यान्वयन गराएको छ । <br> उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भए पछी उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरीनुनै प्रमुख कारण हुन । <br> उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, उपभोक्ता समितिहरुलाई समय समयमा दिनु पर्ने ओरिएन्टेशन कार्यक्रममा बाधा पर्ने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत संभार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । <br> नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिकोहरुको दर्ता तथा विषयगत रुपमा बर्गिकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धि बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ । | | | |
| २७. | | **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्यसम्पन्न गर्न लाग्ने समयावधि समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । <br> जिल्ला विकास समितिवाट संचालित अधिकांश योजनाहरुको लागत अनुमान तयारगर्दा स्थलगत रुपमा | | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उपलव्ध हुने मालसामान तथा कार्य सम्पन्न गर्न लाग्ने समयावधि तोक्ने गरेको देखिदैन ।<br>बजेट विनियोजन भएपछि लागत अनुमान तयार गर्ने, स्थानीय स्तरमा उपलव्ध हुन सक्ने मालसामानको उपलव्धताको विश्लेषण नगर्ने र समयमै बजेट उपलव्ध नहुने जस्ता कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख नगरिएको पाइयो ।<br>यसरी सामानको उपलव्धता र सयमावधि किटान नगरिंदा कार्यक्रम कार्यान्वयन निश्चित नहुने, निर्माण लागत बढ्ने तथा समयमै कार्य सम्पन्न नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत असर पर्न जाने देखिन्छ ।<br>लागत अनुमान तयार गर्दा स्थानीय स्तरमा उपलव्ध हुने मालसामानको उपलव्धता, सुरु गर्ने तथा निर्माण अवधि समेत किटान गरी सार्वजनिक खरिद र निर्माण कार्यलाई स्पष्ट र नतिजामूलक गर्नेतर्फ सम्बन्धित निकायको ध्यान पुग्नु पर्ने देखिन्छ । | | | |
| २८. | | **<u>योजना हस्तान्तरण</u>** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयवाट प्राप्त विवरण अनुसार यस बर्ष संचालित योजनाहरुका अवस्था  देहाय अनुसार रहेको छ । | | | |

| क्र.सं. | कार्यक्रमको नाम | संचालित योजना संख्या | सम्पन्न योजना संख्या | बजेट | खर्च | सम्पन्न नभएका योजना संख्या | सम्पन्न मध्ये हस्तान्तरण भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति कोष | २३२ | २२४ | ३७२०३१३०।६६ | ३५१३९१३०।६६ | ८ | २२४ |
| २ | स्थानीय यातायात क्षेत्रगत कार्यक्रम | ५७ | ५४ | ४११७२४४२।२३ | ३८९९९०३३।९० | ३ | ५४ |
| ३ | जिल्ला विकास समिति अनुदान (LGCDP) | ७१ | ७१ | २२०३८७२१।५९ | २२०३८७२१।५९ | ० | ७१ |
| ४ | जिल्ला विकास समिति अनुदान | १४१ | १२७ | २१२४५६३२।०० | १९४०९६३२।०० | १४ | १२७ |
| ५ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २ | १ | ६०७४०००।०० | १५६१७३८।०० | १ | १ |
| ६ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १०५ | १०५ | १३००००००।०० | १३००००००।०० | ० | १०५ |
| ७ | केन्द्रिय स्तरका सडकहरु | १५ | १४ | १२२०००००।०० | १२२०००००।०० | १ | १४ |
| ८ | गुम्वा व्यवस्थापन तथा विकास समिति | १ | १ | १०००००।०० | १०००००।०० | ० | १ |
| ९ | साना सिंचाई कार्यक्रम | ६ | ६ | ३००००००।०० | ३००००००।०० | ० | ६ |
| १० | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | १० | १० | ६२०००००।०० | ६२०००००।०० | ० | १० |
| ११ | झोलुंगे पुल निर्माण | १ | १ | १६७५०००।०० | १६७५०००।०० | ० | १ |
| १२ | ग्रामिण पहुँच सुधार कार्यक्रम | १ | | २१७००००।०० | ०।०० | १ | ० |
| १३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | १० | १० | ५२०००००।०० | ५२०००००।०० | ० | १० |
| १४ | संघीय मामिला तथा संस्कृति मन्त्रालय | ७ | ५ | १३५००००।०० | ११०००००।०० | २ | ५ |
| १५ | पिछडिएको तराई तथा मधेश विशेष कार्यक्रम | ५ | ५ | ५२५००००।०० | ३९८४१००।०० | ० | ५ |
| **जम्मा** | | **६६४** | **२०** | **१७७८७८९२६.४८** | **१६३६०७३५६.१५** | **३०** | **६३४** |

उल्लेखित कार्यक्रमहरुको ६६४ योजनाको लागि रु. १७७८७८९२६।४८ विनियोजन गरी रु.

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>योजना मध्ये ३० योजनाहरु सम्पन्न गर्न वांकी रहेको प्राप्त विवरणवाट देखिन्छ भने सम्पन्न योजनाहरु सम्बन्धित लाभग्राही समुहलाई हस्तान्तरण गरेकोमा प्रमाण पत्र दिएको पाइएन ।<br>आर्थिक बर्षको अन्त्य सम्ममा पनि लक्षित योजनाहरु सम्पन्न हुन नसक्नु तथा सम्बन्धित लाभग्राही समुहलाई योजना हस्तान्तरण हुन नसक्नुमा समयमै बजेट निकासा नहुनु, आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता गरिनुनै प्रमुख कारण देखिन्छ ।<br>यसरी समयमै योजना सम्पन्न नगरिंदा योजनाको लागत बढ्न जाने, योजनाको प्रभावकारीतामा ह्रास आउने, योजनाको गुणस्तरमा प्रभाव पार्ने, सम्पन्न योजनाहरुको मर्मत सम्भार, रेखदेख तथा स्वामीत्व जिम्मेवारी कसले लिने भन्ने सम्बन्धमा विवाद हुने अवस्था देखिन्छ ।<br>अतः कार्यालयले समयमै बजेट विनियोजन गरी समयमै कार्य सम्पन्न गर्ने, सम्पन्न योजनाहरु कानून अनुसार सम्बन्धित लाभग्राही समूहलाई हस्तान्तरण गरेको प्रमाण पत्र दिई सम्बन्धित लाभग्राही समूहलाई विकासमा साझेदार, जिम्मेवार तथा योजनाको मर्मत सम्भार रेखदेखमा जिम्मेवार बनाई योजनाको दिगोपन स्थापित गर्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२९.</td><td></td><td><u>नापी किताव</u> :- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० मा जिल्ला विकास समितिले अनुसूची ६३ मा तोकिएको ढाँचामा नापी किताव राख्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयबाट संचालित योजनाहरुको नापी किताव योजनागत रुपमा नराखेको र चेनेज नम्बर नखुलाई लुज सिटमा तयार गरी श्रेस्ता साथ राखी भुक्तानी दिएको पाइयो ।<br>योजनागत रुपमा नापी किताव नराख्नु र चेनेज नं. नखुलाउनु, साना टुक्रे योजना धेरै हुने र रकम विनियोजन भएको आधारमा योजना बन्ने कारणले गर्दा नापी किताव बनाउन नसकिएको भनि कार्यालयले कारण उल्लेख गरेको छ ।<br>योजनागत रुपमा नापी किताव नराख्नु र चेनेज नं. नखुलाउनाले गत विगत वर्ष देखि उक्त योजनामा भएको खर्च र योजनाको स्थिति मूल्याङ्कन गर्न सकिएन ।<br>तसर्थ कार्यालयले नियमावलीले तोकी दिए अनुसारको व्यवस्थाको पालना गरी योजनागत रुपमा नापी किताव तयार गरी चेनेज नम्बर नखुलाई अनिवार्य रुपमा राखी भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३०.</td><td></td><td><u>रु. ५ लाख भन्दा कमका योजना/कार्यक्रम सञ्चालन गरेको</u><br>जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७ को दफा ११ मा पूजिगत अनुदान रकमवाट रु. ५ लाख भन्दा कमका कार्यक्रम/आयोजनामा छनौट गर्न नसकिने व्यवस्था छ । कार्यालयवाट पेश भएको विवरण अनुसार अनुदान रकमबाट कार्यालयले यस वर्ष ६६४ वटा योजना संचालन गरेको मध्ये रु. ५ लाख भन्दा कमका ४४४ आयोजना छनौट तथा संचालन गरी रु. ८०४८७४८४।२५ खर्च गरेको पाईयो ।<br><table>
<tr><th>सि.नं.</th><th>आयोजना/कार्यक्रमको विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जिल्ला विकास समिति अनुदान</td><td>२१२</td><td>४३२८४३५३.५९</td></tr>
<tr><td>२</td><td>जिल्ला विकास कोष पूजिगँत</td><td>२३२</td><td>३७२०३१३०.६६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४४४</td><td>८०४८७४८४.२५</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उपर्युक्त अनुसार कम रकमका योजना छनौटमा धेरै सरोकारवाला उपभोक्ता समुहलाई चित्त वुझाउन तथा थोरै भए पनि सेवा सुविधा उपलब्ध गराउनु मुख्य कारण रहेको छ । यसवाट साना कार्यक्रम मात्र सञ्चालन भई समग्र विकासका लागी ठूला योजना कार्यान्वयनमा प्रभाव पर्न सक्दछ । तसर्थ कार्यालयले कार्यविधीले तोके वमोजिमका योजना सञ्चालनमा ध्यान पुर्‍याउनु पर्दछ । | | | |
| ३१. | | **<u>चौमासिक तथा आषाढ महिनाको खर्च</u>** : चालु आर्थिक वर्षवाट बैसाखदेखि आषाढसम्म बार्षिक विनियोजनको ४० प्रतिशत र असार महिनामा बार्षिक विनियोजनको २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाउने व्यवस्था अर्थ मन्त्रालयले गरेको छ ।<br>कार्यालयले उपलब्ध गराएको बिबरण अनुसार कार्यालयको केन्द्रिय बजेट शिर्षक तर्फको तस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति निम्नानुसार छ । | | | |

| क्र. सं. | ब.उ.शि.नं. | कुल खर्च | चौमासिक खर्च | | | तेस्रो चौमासिकको खर्च प्रतिशत | आषाढ महिना | आषाढ महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १ | ३६५८०१३ | ७८०२५२९५।३७ | १५५४५२२४ | २२६८९९३० | ३९७९०१४१।३७ | ५१।०० | १७७६८६५३ | २२।७७ |
| २ | ३६५८०४३ | ६४७७१९०।८४ | ० | ० | ६४७७१९०।८४ | १००।०० | १६२८९०१ | २५।१५ |
| ३ | ३६५१०८३ | ६६१८०० | ० | ० | ६६१८०० | १००।०० | ३६७००० | ५५।४५ |
| ४ | ३६५०१६३ | ३०००००० | ० | २९६००० | २७०४००० | ९०।१३ | १२८८००० | ४२।९३ |
| ५ | ३६५८२८३ | १५०००००० | ० | ४२०१७१७ | १०७९८२८३ | ७१।९९ | ३९८६२८३ | २६।५८ |
| ६ | ३६५८१४३ | २१९९१३८ | ० | ० | २१९९१३८ | १००।०० | २१९९१३८ | १००।०० |
| ७ | ३६५८०९३ | १६७५००० | ० | ७३४५० | १६०१५५० | ९५।६१ | १६०१५५० | ९५।६१ |
| ८ | ३६५८१९३ | ३४४००३८०।२६ | ९६१९३३३ | १२६१६००३ | १२१६५०४४।२६ | ३५।३६ | ८७१०११५ | २५।३२ |
| ९ | ३६५८०८४ | २०००००० | ० | १३५००० | १८६५००० | ९३।२५ | ६२५९८९ | ३१।३० |
| १० | ३६५८०८३ | २७५००००० | २५४३००० | ५६५४६३१ | १९३०२३६९ | ७०।१९ | १०८८१८५९ | ३९।५७ |
| ११ | ३६५८३१३ | १५९८७३०।८५ | ० | ० | १५९८७३०।८५ | १००।०० | ५२४७३१ | ३२।८२ |
| १२ | ३६५१०६३ | ४३१२०० | ० | २१७२०० | २१४००० | ४९।६३ | १३०००० | ३०।१५ |
| १३ | ३४३१०१३ | ३६०००० | ० | १८०००० | १८०००० | ५०।०० | ३०००० | ८।३३ |
| १४ | ३६५८१२३ | ५२००००० | ० | ० | ५२००००० | १००।०० | ४०२८००० | ७७।४६ |
| १५ | ३०८१०९३ | १३०००० | ० | ० | १३०००० | १००।०० | १३०००० | १००।०० |
| १६ | ३६५१०१३ | १००००० | ० | ० | १००००० | १००।०० | ० | ०।०० |
| १७ | ३३७१०७४ | १२०६५१३७ | ० | ० | १२०६५१३७ | १००।०० | ८६१२१३७ | ७१।३८ |
| १८ | ३९११०५३ | २५५००० | ० | ० | २५५००० | १००।०० | १८८००० | ७३।७३ |
| १९ | ३६५८३६३ | ३९०६२८० | ० | ० | ३९०६२८० | १००।०० | ३९०६२८० | १००।०० |
| २० | ३६५१०५३ | २००००० | ० | ० | २००००० | १००।०० | २००००० | १००।०० |
| **जम्मा** | | **१९५१८५१५२.३२** | **२७७०७५५७** | **४६०६३९३१** | **१२१४१३६६४.३२** | **६२.२०** | **६६८०६६३६.०** | **३४.२३** |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | बार्षिक खर्च रु. १९५१८५१५२।३२ मध्ये तेस्रो चौमासिकमा रु. १२१४१३६६४।३२ खर्च भएको छ भने आषाढ महिनामा मात्र रु. ६६८०६६३६।०० खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ६२.२० र ३४.२३ प्रतिशत रहेको छ ।<br>तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको देखिन्छ ।<br>यसरी खर्च गरिंदा खर्चको सही सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।<br>अर्थ मन्त्रालयको निर्देशन विपरित तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | | | |
| ३२. | | **बार्षिक लक्ष्य प्रगति** : कार्यालयले आफ्नो लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नु पर्दछ । कार्यालयबाट पेश भएको प्रगती विवरण अनुसार निम्न कार्यक्रमहरुको प्रगती स्थिती निम्न अनुसार रहेको पाइयो । | | | |

| क्र.सं. | कार्यक्रमको नाम | योजना संख्या | रकम | बार्षिक प्रगति स्थिति: शुन्य प्रतिसत प्रगति कार्यक्रम | | २५ प्रतिसत सम्म प्रगति भएका कार्यक्रम | | ५० प्रतिसत सम्म प्रगति भएका कार्यक्रम | | ७५ प्रतिसत सम्म प्रगति भएका कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जिल्ला विकास समिति कोष | २३२ | ३७२०३१३०।६६ | ८ | २०६४०००।०० | | | | | २२४ | ३५१३९१३०।६६ |
| २ | स्थानीय यातायात क्षेत्रगत कार्यक्रम | ५७ | ४११७२४४२।२३ | ३ | २१७३४०८।३३ | | | | | ५४ | ३८९९९०३३।९० |
| ३ | जिल्ला विकास समिति अनुदान | ७१ | २२०३८७२१।५९ | ० | ० | | | | | ७१ | २२०३८७२१।६ |
| ४ | जिल्ला विकास समिति अनुदान | १४१ | २१२४५६३२।०० | १४ | १८३६०००।०० | | | | | १२७ | १९४०९६३२।०० |
| ५ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २ | ६०७४०००।०० | १ | २४६३०००।०० | | | | | १ | १५६१७३८।०० |
| ६ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १०५ | १३००००००।०० | ० | ० | | | | | १०५ | १३००००००।०० |
| ७ | केन्द्रिय स्तरका सडकहरु | १५ | १२२०००००।०० | ० | ० | १ | १८६८००।०० | | | १४ | १२०१३२००।०० |
| ८ | गुम्वा व्यवस्थापन तथा विकास समिति | १ | १०००००।०० | ० | ० | | | | | १ | १०००००।०० |
| ९ | साना सिंचाई कार्यक्रम | ६ | ३००००००।०० | ० | ० | | | | | ६ | ३००००००।०० |
| १० | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | १० | ६२०००००।०० | ० | ० | | | | | १० | ६२०००००।०० |
| ११ | झोलुंगे पुल निर्माण | १ | १६७५०००।०० | ० | ० | | | | | १ | १६७५०००।०० |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ग्रामिण पहुँच सुधार कार्यक्रम | १ | २१७००००।०० | १ | २१७००००।०० | | | | ० | ० |
| १३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | १० | ५२०००००।०० | ० | ० | | | | १० | ५२०००००।०० |
| **१४** | संघीय मामिला तथा संस्कृति मन्त्रालय | ७ | १३५००००।०० | २ | २५००००।०० | | | | ५ | ११०००००।०० |
| १५ | पिछडिएको तराई तथा मधेश विशेष कार्यक्रम | ५ | ५२५००००।०० | ० | ० | | | | ५ | ३९८४१००।०० |
| **जम्मा** | | **६६४** | **१७७८७८९२६.४८** | **२९** | **१०९५६४०८.३३** | १ | १८६८००।०० | | **६३४** | **१६३४२०५५६.१६** |

कार्यालयबाट पेश भएको विवरण अनुसार यस वर्ष संचालित योजना मध्ये २९ वटा योजनाहरुमा शुन्य प्रतिशत प्रगति भएको देखिन्छ । यसरी कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुनुमा कार्यान्वयन प्रक्रिया ढिलो हुनुनै प्रमुख कारण रहेको छ । अनुगमन कार्य प्रभावकारी नहुनुको कारण योजना सम्पन्न हुन नसकेको पाईन्छ । यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नु गराउनु पर्दछ ।

३३.

**सम्भाव्यता अध्ययन :-** आर्थिक कार्यविधि, नियमावली, २०६४ को नियम २२ मा रु १५ लाख भन्दा बढीका विकास आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी योजना छनौट गर्नुपर्ने र यरी स्वीकृत आयोजना कार्यन्वयन गर्नको लागि विस्तृत सर्भेक्षण, ड्इङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले उपरोक्त व्यवस्था अनुसारको सम्भाव्यता अध्ययन र आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन तयार नगरी यस वर्ष निम्न १६ वटा योजना छनौट गरी संचालन गरेको पाइयो ।

| सि.नं. | योजनाको नाम | गाविस | विनियोजन | लागत अनुमान |
|---|---|---|---|---|
| १ | धुलावारी शान्तिनगर इरौटार सडक कालोपत्रे, ज्यामिरगढी, मेचीनगर | मेचीनगर | २०००००० .०० | २२१४२१०.७५ |
| २ | चारपाने नारायण चौक सडक कालोपत्रे | चारपाने | १५००००० .०० | १८०७३६८.०९ |
| ३ | चारपाने नारायण चौक हात्तिकिल्ला सडक कालोपत्रे | अर्जुनधारा | २०५१७३४.०० | २०५१७३४.०० |
| ४ | अमलडांगी समयगढ बांसवारी बैगुनधुरा तुलाचन सडक | तोपगाछी | २०००००० .०० | २०९४३४४.८९ |
| ५ | गौरादह महारानीझोडा कोहवरा दामुना खजुरगाछी सडक | कोहवरा | १६७१२३३.१७ | १६७१२३३.१७ |
| ६ | सैनिकमोड गोलधाप डिम्माखुट्टी राजगढ सडक | अनारमनी, गरामनी | १७९१०८१.७० | १७९१०८१.७० |
| ७ | गौरिया खोला पुल निर्माण, गौरादह-४ | गौरादह | ३६११०००.०० | ३६११०००.०० |
| ८ | अदुवा खोला पुल निर्माण | अनारमनी-५,८ | २४६३०००.०० | २४६२२२९.३२ |
| ९ | होक्से ग्रामिण खानेपानी योजना | बुधवारे-१,२,३ | १६००००० .०० | १६१२६००.०० |
| १० | फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगरको स्टील पार्टस फेब्रिकेशन तथा ढुवानी सहित | शान्तिनगर | ४८४५०००.०० | ४८४५०००.०० |
| ११ | कोटिहोम धनुषकोटी धाम हुँदै जामुनखाडी जोड्ने सडक | सुरुङ्गा | १५००००० .०० | १८३०२१६.०० |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२ | खुल्ला दिशामुक्त क्षेत्र घोषणा तथा शौचालय निर्माण | खुदुनावारी | १५०००००.०० | २१०१३७४.०० |
| १३ | लक्ष्मी उच्च मावि | बनियानी | २१३५७५९०.३० | २१३५७५९०.३० |
| १४ | शान्ती आदर्श मावि | शान्तिनगर | १०९४६४१५.६७ | १०९२८७६८.०५ |
| १५ | मंगलमय उच्च मावि | लखनपुर | ३०९४६४१५.६७ | ३०९४६४१५.६७ |
| १६ | बलभद्र उच्च मावि भवन निर्माण तथा हडिया नदी नियन्त्रण | धाईजन | २६४५९८९९.३९ | ३०९४६४१५.६७ |
| | | जम्मा | ११६२४३३६९.९ | १२२२७१५८१.६१ |

बजेट विनियोजन अनुसार कार्यक्रम छनौट गर्ने परम्पराले गर्दा संभाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन गर्ने कार्य नहुनु प्रमूख कारण रहेको देखिन्छ । सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन विना गरेको कार्यले सो योजनामा भएको लागनी प्रतिफल प्राप्त नहुन सक्दछ साथै लाभ पाउनु पर्ने समुदायले सेवा सुविधाबाट बन्चित हुन सक्ने अवस्था श्रृजना हुन सक्दछ । तसर्थ कार्यालयको नियमावलीले गरेको व्यवस्थाको पालना गरी योजना छनौट र संचालन गर्न ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ ।

३४.

## जिविस अनुदान

कार्यालयहरुमा स्वीकृत दरबन्दी अनुसारको कर्मचारीहरु पूर्ति हुनुपर्ने कानुनी व्यवस्था छ । यस जिल्लामा ४७ वटा गाविस रहेकोमा ५० जना गाविस सचिवहरु रहेको पाइयो । दरबन्दी भन्दा बढी ३ जनाले केवल जिविसमा हाजिर लगाउने काम भन्दा अरु कुनै कार्य जिम्मेवारी लिएको/दिइएको देखिएन । आवश्यकता भन्दा बढी कर्मचारी कार्यविहिन अवस्थामा राख्नुले उनीहरुको उपयोग सरकारकाले गर्न सकेको देखिदैन । श्रमको उपयोग गर्न नसक्दा उनीहरुलाई पारिश्रमिक वापत राज्यले व्यहोर्ने वार्षिक लगभग रु. ६५००००।०० निरर्थक सावित भएको देखिन्छ । यसो हुनु राजनीतिक दवाव नै हो । दरबन्दी भन्दा बढीलाई काम लगाउन नसकेको र तिनको श्रमको उपयोग हुन नसकेको प्रभाव देखिएको छ । अतः स्वीकृत दरबन्दी अनुसार नै कर्मचारीको व्यवस्थापन गरी राज्यले खर्च गरेको मानवीय स्रोतको पुर्ण उपयोग हुन आवश्यक छ । दरबन्दी भन्दा बढी कर्मचारी सरुवा गरी तलब भत्ता खर्च हुनु मनासिव देखिएन । तसर्थ दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति नगर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

३५.

## आन्तरिक आय तर्फ

**ठेक्का व्यवस्थापन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सम्वन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने व्यवस्था छ ।

कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष आन्तरिक आय ठेक्काको वोलपत्रको माध्यमबाट गराएको स्थिति यस प्रकार छ ।

| क्र. सं. | ठेक्काको विवरण | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | वोलपत्र बिक्रीको तुलनामा दाखिला प्रतिशत | न्युनतम कायम अंक | स्वीकृत अंक रकम | लागत अनुमानको तुलनामा बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **जडिबुटी बनकस जिल्ला निकासी कर** | १० | ७ | ७० | ७०००००।०० | ८५१०००।०० | १२१।५७ |
| २ | **गोर्मेन्ट चोक हल्दिबारी ( सगरमाथा भद्रपुर** | २ | १ | १० | ५१०००।०० | ६५०००।०० | १२७।४५ |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हल्दिबारी सडकको पटके सवारी कर | | | | | |
| ३ | ज्यामिरगढी-धुलाबारी-बर्ने सडक | ७ | २ | २० | १७००००।०० | १७१०००।०० | १००।५९ |
| ४ | विर्तामोड-शनिश्चरे-खुदुनाबारी सडक | ८ | ४ | ४० | ४६५०००।०० | ४७३४२५।०० | १०१।८१ |
| ५ | अनारमनी-सैनिकमोड-गोल्धाप सडक | ८ | ३ | ३० | ८३५००।०० | ८५०००।०० | १०१।८० |
| ६ | इटाभट्टा-भृकुटी-गाडागल्ली सडक | ३ | ४ | ४० | ९६०००।०० | १४१५११।०० | १४७।४१ |
| ७ | पाडाजुगी-झर्का-बालुवाथान-विरबल चोक सडक | ३ | १ | १० | ५२०००।०० | ५२०००।०० | १००।०० |
| ८ | सुरुङ्गा-झापा-अमरपथ सडक | ४ | १ | १० | १२५०००।०० | १३१०००।०० | १०४।८० |
| ९ | झापाचोक-रंगेडाडा-जलथल सडक | २ | २ | २० | ५९०००।०० | ७११०१।०० | १२०।५१ |
| १० | लक्ष्मीपुर-धैलाडुब्बा-राजगढ सडक | ४ | ३ | ३० | ११००००।०० | १७९९९९।०० | १६३।६४ |
| ११ | गरामनी-हल्दिबारी-जलथल सडक | १ | १ | १० | ३७०००।०० | ३७१००।०० | १००।२७ |
| १२ | काकडभिट्टा-बाहुण्डांगी सडक | ४ | ३ | ३० | २१००००।०० | २७५०००।०० | १३०।९५ |
| १३ | अर्जुनधारा-नारायण चोक-चारपाने-राजगढ सडक | ६ | ५ | ५० | १६००००।०० | २९९९०१।०० | १८७।४४ |
| १४ | गैडे-दोमुखा सडक | ७ | ५ | ५० | १०००००।०० | १९१९९९।०० | १९२।०० |
| १५ | सुपारी जिल्ला निकासी कर | १३ | ७ | ५३।८५ | १२५०००००।०० | २२५५५१११।०० | १८०।४४ |
| १६ | कृषिजन्य धान समेत अन्य | ३ | २ | ६६।६७ | ७२०००००।०० | ७२७२७७२।०० | १०१।०१ |
| १७ | प्याकेज नं.१ (मेची, निन्दा, दामाहडिया, टिमाई र देवनीया खोलाहरु) | २६ | १० | ३८।४६ | ५५८८२००।०० | ७२७२७७२।०० | १३०।१५ |
| १८ | प्याकेज नं.२ (रतुवामावा, कमल र कन्काई खोलाहरु ) | १३ | ६ | ४६।१५ | ७००००००।०० | ७५५१०००।०० | १०७।८७ |
| १९ | प्याकेज नं.३ (विरिङ र टाङटिङ् खोलाहरु ) | १३ | २ | १५।३८ | ४५०००००।०० | ४५००५००।०० | १००।०१ |
| | जम्मा | १४६ | ७० | ४७।९४ | ३९२०६७०० | ५२१७७१९१ | १३३।०८ |

सार्वजनिक खरिद ऐन २०६३ को दफा २४(ङ) मा दफा २६(६) वमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको वोलपत्र उपर कारवाही गर्न नहुने व्यवस्था छ । यसै गरी ऐनको दफा २६ (६) मा कुनै वोलपत्र दाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्द गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त आन्तरिक आयको लागि ठेक्का मार्फत कार्य गराएकोमा निम्नानुसार देखियो ।

क) वोलपत्र विक्री किताव अनुसार उपर्युक्त १९ आय ठेक्काको लागि १४६ वटा वोलपत्र फाराम विक्री भएकोमा ७० वटा वोलपत्र दाखिला भएको छ । वोलपत्र विक्री र दाखिला भएको संख्या वीच तुलना गर्दा ४७.९५ प्रतिशत मात्र दाखिला भएको छ । वोलपत्र मूल्याँकन समितिले विक्री भएका सम्पूर्ण वोलपत्र दाखिला हुन नसक्नाको कारण सहित वोलपत्र खरिदकर्ताहरु संग जानकारी लिई मिलोमतो भए नभएको एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गर्नु पर्नेमा सम्वन्धित वोलपत्र खरिदकर्तासंग वोलपत्र पेश नगर्नुको कारण वारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाईयो । साथै उक्त आय ठेक्काहरुको बोलपत्र फाराम बिक्रि समेत न्यून रहेको देखिंदा पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भन्न सकिएन ।

ख) उक्त ठेक्का कार्यहरुको लागत अनुमान र स्वीकृत ठेक अँक वीच तुलना गर्दा लागत अनुमानको तुलनामा १००।०१ प्रतिशत देखि १९२।०० प्रतिशत सम्म बढि अँकमा कार्य गराएको छ । यसबाट वित्तिय प्रस्तावहरु वीच पनि पर्याप्त प्रतिस्पर्धा भएको छ भनि एकिन गर्न सकिएन । अतः कानुनले निर्दिष्ट गरेको व्यवस्था

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अनुसार वोलपत्र दातावीच पर्याप्त मात्रामा प्रतिस्पर्धा सुनिश्चित गर्न वोलपत्र दाता वीच मिलोमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गरी आय ठेक्काको कार्य गर्नु गराउनु पर्ने देखिन्छ । | | | |
| ३६. | | **खरिद ठेक्का तर्फ** | | | |

**ठेक्का व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले १० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निम्न योजनामा बोलपत्रको माध्यमबाट गराएको निर्माण ठेक्काको स्थिति निम्नानुसार रहेको छ ।

| क्र. सं. | ठेक्काको विवरण | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | वोलपत्र बिक्रीको तुलनामा दाखिला प्रतिशत | न्युनतम कायम अंक | स्वीकृत अंक रकम | लागत अनुमानको तुलनामा बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **नेत्र मार्ग मर्मत** | ११ | ९ | ८१।८२ | ६०६२२७।२७० | ४३२७११।८०० | २८।६२ |
| २ | **केर्खा क्याम्पा सडक मर्मत** | ४ | ४ | १००।०० | ८०००६५।७६० | ७६८४६१।८१० | ३।९५ |
| ३ | **शैनिकमोड गोलधाप सडक मर्मत** | १२ | ११ | ९१।६७ | १०७१२३२।४३० | ९२३०३५।३८० | १३।८३ |
| ४ | **गौरिगञ्ज अल्तावारी सडक ग्राभेल** | ११ | ५ | ४५।४५ | ५०१७२७।२८० | ४९९१२५।००० | ०।५२ |
| ५ | **शैनिकमोड गोलधाप सडक मर्मत** | १३ | १० | ७६।९२ | ५३८२३८।४७० | २४४७४३।७५० | ५४।५३ |
| ६ | **चारपाने राजगढ सडक मर्मत** | ११ | ८ | ७२।७३ | ५३७२७३।२७० | २४४८३७।५०० | ५४।४३ |
| ७ | **अंगुलफुट्टा केचनाकवल सडक ग्राभेल** | ११ | ९ | ८१।८२ | ७१९४४६।६१० | ४४०३२५।००० | ३८।८० |
| ८ | **चारपाने नारायणचोक सडक कालोपत्रे** | १३ | १० | ७६।९२ | ९९१९७५।६८० | ५४३१२५।००० | ४५।२५ |
| ९ | **केर्खा क्याम्पा सडक कालोपत्रे** | १३ | ३ | २३।०८ | ८९९३०४।७८० | ८९६०६२।५०० | ०।३६ |
| १० | **जुके कल्भर्ट जामुनखाडी सिमसार सडक कालोपत्रे** | १२ | ८ | ६६।६७ | ८९२७०८।२८० | ५५३७५०।००० | ३७।९७ |
| ११ | **नारायणचोक खुदुनावारी सडक कालोपत्रे** | ८ | ३ | ३७।५० | ११५५७७७।१३० | ११५१९८०।५०० | ०।३३ |
| १२ | **चारपाने राजगढ सडक कालोपत्रे** | ६ | ४ | ६६।६७ | ११६२९०५।६८० | ७१०१६०।००० | ३८।९३ |
| १३ | **शैनिकमोड गोलधाप सडक कालोपत्रे** | १० | ८ | ८०।०० | ११४७८८९।७६० | ६३३१५०।००० | ४४।८४ |
| १४ | **नेत्रमार्ग कालोपत्रे** | ७ | ७ | १००।०० | १३०८१७२।३२० | ६९६०६२।५०० | ४६।७९ |
| १५ | **पाडाजुँगी झर्का वालुवथान सडक ग्राभेल** | १५ | ६ | ४०।०० | १३३३२६२।३४० | ११८४९००।००० | ११।१३ |
| १६ | **पाडाजुँगी झर्का वालुवथान सडक ग्राभेल** | ७ | ३ | ४२।८६ | ९०१९१२।७६० | ९००१६२।५०० | ०।१९ |
| १७ | **सुरुंगा लालपानी मदरगाछ सडक ग्राभेल** | ७ | ६ | ८५।७१ | ८४४४५९।६३० | ७८९२६३।११० | ६।५४ |
| १८ | **धुलावारी शान्तिनगर इरौटार सडक कालोपत्रे** | ८ | ६ | ७५।०० | ८९०३११।७७० | ८८८९५९।५०० | ०।१५ |
| १९ | **शैनिकमोड राजगढ सडक कालोपत्रे** | ८ | ६ | ७५।०० | ८९६३४३।७९० | ८८६५००।००० | १।१० |
| २० | **चारपाने नारायणचोक सडक कालोपत्रे** | १७ | १६ | ९४।१२ | ३११०९८२।२५० | १८१५६९३।७५० | ४१।६४ |
| २१ | **दहिझोडा शनिश्चरे सडक कालोपत्रे** | १५ | ७ | ४६।६७ | १७८०६२३।५५० | १२८६९३५।००० | २७।७३ |
| २२ | **अधुवा खोला पुल निर्माण** | १५ | १३ | ८६।६७ | ३०१६०८१।२५० | २१७८९६४।००० | २७।७६ |
| २३ | **गेउरिया खोला पुल निर्माण** | १४ | ६ | ४२।८६ | ४४९७४८७।३०० | ३१९५३४१।००० | २८।९५ |
| २४ | **फेरेगौडा खन्यूगौडा झोलुंगे पुल सामान खरिद** | ४ | ४ | १००।०० | ४९२१३४२।८६० | ३६९७२२६।७३० | २४।८७ |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | **खुम्रिभिट्टा पुल निर्माण** | ३ | ३ | १००।०० | ९६२७१६।१५० | ९५५९१३।१३० | ०।७१ |
| २६ | **काकरभिट्टा वाहुण्डाँगी सडक मर्मत** | ८ | ७ | ८७।५० | ७६८६०५।५७० | ५०३७६४।००० | ३४।४६ |
| २७ | **चारपाने हात्तिकिल्ला सडक मर्मत** | ८ | ६ | ७५।०० | ८१३८२९।९८० | ६४९५६७।५०० | २०।१८ |
| २८ | **शैनिकमोड गोलधाप सडक मर्मत** | ५ | ३ | ६०।०० | १६१४५०९।३८० | १५८५०२८।०५० | १।८३ |
| २९ | **भद्रपुर इरौटार सडक मर्मत** | ६ | ६ | १००।०० | १५९६०५३।५८० | ५३०६४७।३५० | ६६।७५ |
| ३० | **गौरादह खजुरगाछी सडक मर्मत** | ६ | ४ | ६६।६७ | १५९६३२८।३८० | १४८५१६२।१०० | ६।९६ |
| ३१ | **आदिवासी जनजाती भवन निर्माण** | ३ | ३ | १००।०० | ८२५४१९।९८० | ८१८०७२।२०० | ०।८९ |
| ३२ | **तारजाली खरिद** | ६ | ३ | ५०।०० | १९१६६४०।००० | १५३४५००।००० | १९।९४ |
| | | २९७ | २०७ | ६९।७० | ४४६१९८५५।२४ | ३३६२४१३०।६६ | २४।६४ |

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । यसैगरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । उपयुक्त आयोजनाको लागि ठेक्का मार्फत कार्य गराएकोमा निम्न व्यहोरा देखियो ।

बोलपत्र बिक्री किताब अनुसार ३२ आयोजना कार्यको लागि २९७ बोलपत्र बिक्री भएकोमा २०७ बोलपत्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला भएको संख्याबीच तुलना गर्दा ६९.७० प्रतिशत मात्र दाखिला भएको छ । बोलपत्र मूल्याङ्कन समितिले बिक्री भएका सम्पूर्ण बोलपत्र दाखिला हुन नसक्नाको कारण सहित बोलपत्र खरिदकर्ताहरुसंग जानकारी लिई मिलोमतो भए नभएको एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गर्नुपर्नेमा सम्बन्धीत बोलपत्र खरिदकर्तासंग बोलपत्र पेश नगर्नुको कारण बारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाइयो । फलस्वरुप बोलपत्रदाताको संख्या न्यून हुन गई पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन । उक्त खरिद तथा निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बीच तुलना गर्दा लागत अनुमानको तुलनामा ०.१५ देखि ६६.७५ प्रतिशतसम्म घटी अंकमा कार्य गराएको छ । यसबाट पनि वित्तीय प्रस्ताव विच पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भनि यकिन गर्न सकिएन । अत: कानूनले तोकेको व्यवस्था अनुसार बोलपत्रदाताबीच पर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न बोलपत्रदाताहरु विच मिलेमतो भए नभएको सम्बन्धमा यकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गरी खरिद तथा निर्माण कार्य र सेवा सम्बन्धी कार्य गराउनु पर्ने देखिन्छ ।

३७. **कर दस्तुर असुल गर्नु पर्ने** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ६ अनुसार समितिले कर दस्तुर सेवा शुल्क भाडा आदि उठाउन सक्ने व्यवस्था छ। ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बांकी सरह असुल गर्नुपर्ने व्यवस्था छ।

यस जिल्ला विकास समितिले यस वर्ष विभिन्न पार्टीसंग रु. १०७५८४९।०० असुल गर्नुपर्ने बाँकी देखिएको छ।

| क्र सं. | ठेकेदारको नाम | शीर्षक | उठ्न बांकी रकम |
|---|---|---|---|
| १ | विभिन्न पसल व्यवसायीहरुबाट | टहरा पसल भाडा | ६६५४४९.०० |
| २ | शेरबहादुर श्रेष्ठ | खोला ठेक्का | ३३८०००.०० |
| ३ | विकी लिम्बु | सडक सवारी कर | ७२४००.०० |
| | | **जम्मा** | ***१०७५८४९.००*** |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कर दस्तुर सेवा शुल्क आदि वक्यौता रकम दाखिला नगरे पनि कुनै कारबाही नहुने स्थिति नै यसको मुख्य कारणका रुपमा रहेको पाईन्छ । साथै सम्झौता गर्दा स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम १६९(५) बमोजिमको परफरमेन्स वण्ड वा नगदै जमानत लिई ठेक्का सम्झौता गर्नु पर्नेमा वण्ड र जमानत नलिई ठेक्का दिएको पाइयो । परफरमेन्स वण्ड वा नगदै जमानत नलिई ठेक्का सम्झौता गरेकोले ठेक्का वापत असूल गर्न बाँकी रहेको रकम असुल हुन सकेको देखिएन ।<br>आय ठेक्का रकम वक्यौता असूल नहुंदा कार्यालयको श्रोत कमजोर हुने तथा नबुझाउने परम्परा बढने अवस्था आउन सक्दछ । तसर्थ कार्यालयले ऐनको प्रावधान अनुसार असूल गर्न बांकी रकम अविलम्व आवश्यक कारबाहि गरि असुल गर्नु पर्दछ रु. | १०७५८४९.०० | | |
| ३८. | | **<u>मूल्य अभिबृद्धि कर</u> :** मूल्य अभिबृद्धि कर (संशोधन सहित) ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मूल्य अभिबृद्धि कर असूल गर्नुपर्ने व्यवस्था छ । साथै ऐनको दफा १२(२) (ख) मा कर लाग्ने मूल्यमा अन्त:शुल्क र अन्य कर रकम समेत समावेश हुने छ । त्यस्तै सार्वजनिक लेखा समितिको निर्णयमा समेत सम्बन्धीत जि.वि.स.तथा पदाधिकारीको मु.अ.कर दाखीला गराउने दायित्व हुने निर्णय गरेको छ ।<br>जिल्ला विकास समितिले ढुंगा, बालुवा, गिट्टी लगायत कर, दस्तुर वा शुल्क असूल गर्न ठेक्का लगाएकोमा ठेक्का लिने स्वयंले नै मु. अ. कर आन्तरिक राजश्व कार्यालयमा नै दाखिला गर्नुपर्ने भनी ठेक्का सम्झौता गरेकोमा निजहरुले मु. अ. कर दाखिला गरे नगरेको यकिन गर्न सकिएन । कार्यालयले यस वर्ष ठेक्का लगाएकोमा निम्न आय ठेक्कामा मू.अ.कर असूल गरी राजश्व दाखिला भएको प्रमाण पेश हुन आएन । | | | |

| क्र.सं. | ठेकेदारको नाम | ठेक्का किसिम | ठेक्का रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|
| १. | **भिम सेडाई** | **सुपारी निकासी कर** | २२५५५१११।०० | २९३२१६४।४३ |
| २ | **मौसम थापा** | **प्याकेज १ (टिमाई, देवनीया, निन्दा, मेची र हडिया) खोलाहरु** | ७२७२७७२।०० | ९४५४६०।३६ |
| ३ | **शेर बहादुर श्रेष्ठ** | **प्याकेज २ (रतुवामावा, कमल र कन्काई)** | ७५५१०००।०० | ९८१६३०।०० |
| ४ | **शेर बहादुर श्रेष्ठ** | **जडिबुटी बनकस निकासी कर** | ८५१०००।०० | ११०६३०।०० |
| ५ | **विष्णु बहादुर थापा** | **विर्तामोड-शनिश्चरे-खुदुनाबारी सडक** | ४७३४२५।०० | ६१५४५।२५ |
| ६ | **सोभा खवास** | **ज्यामिरगढी-धुलाबारी-बर्ने सडक** | १७१०००।०० | २२२३०।०० |
| ७ | **देवकुमार थापा** | **गैडे-दोमुखा** | १९१९९९।०० | २४९५९।८७ |
| ८ | **शेरबहादुर श्रेष्ठ** | **सुरुङ्गा-झापा** | १३१०००।०० | १७०३०।०० |
| ९ | **युवराज न्यौपाने** | **पाडाजुगी-झर्का** | ५२०००।०० | ६७६०।०० |
| १० | **रणबहदुर थेबे** | **अनारमनी-सैनिकमोड सडक** | ८५०००।०० | ११०५०।०० |
| ११ | **विकी लिम्बु** | **काकडभिट्टा-बाहुण्डांगी सडक** | २७५०००।०० | ३५७५०।०० |
| १२ | **पदम बहादुर थापा** | **लक्ष्मीपुर-घैलाडुब्बा सडक** | १७९९९९।०० | २३३९९।८७ |
| १३ | **मौसम थापा** | **सगरमाथा-भद्रपुर-हल्दिबारी सडक** | ६५०००।०० | ८४५०।०० |
| १४ | **देबेन्द्र कार्की** | **इटाभट्टा-भृकुटी सडक** | १४१५११।०० | १८३९६।४३ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>धर्म सिंह तामाङ्</td><td>गरामनी-हल्दिबारी-जलथल सडक</td><td>३७१००।००</td><td>४८२३।००</td></tr>
<tr><td>१६</td><td>इन्द्र नेपाल</td><td>झापाचोक-रंगेडाडा सडक</td><td>७११०१।००</td><td>९२४३।१३</td></tr>
<tr><td>१७</td><td>पदम बहादुर थापा</td><td>अर्जुनधारा-नारायणचोक-चारपाने-राजगढ सडक</td><td>२९९९०१।००</td><td>३८९८७।१३</td></tr>
<tr><td>१८</td><td>ज्ञानी लिम्बु</td><td>केरखा-क्याम्पा सडक</td><td>५००००।००</td><td>६५००।००</td></tr>
<tr><td>१९</td><td>नारायण प्र. दंगाल बन्दना सप्लायर्स</td><td>प्याकेज ३ (विरिङ्, टाङ्टिङ्)</td><td>४०३१९५५।००</td><td>५२४१५४।१५</td></tr>
<tr><td>२०</td><td>शुभाष दाहाल श्रेया सप्लायर्स</td><td>कृषिजन्य धान समेत अन्य</td><td>७२०१०००।००</td><td>९३६१३०।००</td></tr>
<tr><td>२१</td><td>सुभाष दाहाल हकमा सागर बाबु उप्रेती</td><td>कृषिजन्य चिया</td><td>२२८०८२२।००</td><td>२९६५०६।८६</td></tr>
<tr><td>२२</td><td>होमनाथ गुरुङ्</td><td>पशुमवेशी जिल्ला निकासी कर</td><td>१२०४२७४।००</td><td>१५६५५५।६२</td></tr>
<tr><td>२३</td><td>भोजराज ढकाल</td><td>दुधे-महाभारा सडक</td><td>५६९१६।००</td><td>७३९९।०८</td></tr>
<tr><td colspan="3">जम्माः</td><td>५५२२८८८६.००</td><td>७१७९७५५.१८</td></tr>
</table>
नियमावलीको प्रावधान तथा सार्वजनिक लेखा समितिको निर्देशन विपरीत ठेक्का व्यवस्थापन गरिनुनै यसको प्रमुख कारण रहेको देखिन्छ ।<br>
यसरी प्राकृतिक श्रोत साधन लगायत अन्य ठेक्का व्यवस्थापन गर्दा मूल्य अभिबृद्धि कर नअसुल्नाले एकातिर निर्देशन तथा कानूनी प्रावधान उल्लंघन भएको छ भने अर्को तर्फ राज्यलाई प्राप्त हुनुपर्ने राजश्व समेत प्राप्त हुन सकेको छैन ।<br>
ढुंगा, बालुवा, गिट्टी लगायत कर, दस्तुर वा शुल्क असुल गर्न ठेक्का लगाएको आय ठेक्कामा मू.अ.कर असूल गरी राजस्व दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.
</td><td>७१७९७५५.१८</td><td></td><td></td></tr>
<tr><td>३९.</td><td></td><td>
<u>परिमाण नतोकेको</u> : नेपाल सरकार मन्त्री परिषद्को मिति ०६६।१२।१७ को निर्णयानुसार जिल्ला विकास समितिहरुको वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम वातावरणीय परिक्षण गराएर मात्र नदीजन्य वस्तुहरु उत्खनन् तथा निकासी गर्न प्रारम्भिक बातावरणीय परिक्षण (IEE) र बातावरणीय प्रभाव मूल्याङकन (EIA) गराएर मात्र उत्खनन् तथा बिक्री वितरण गर्न पाउने व्यवस्था छ ।<br>
कार्यालयले यस बर्ष ३ प्याकेजको नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा बिक्री वितरण गर्न वर्ष भरिएको लागि निम्नानुसारको वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन तयार भएको पाइयो । तर कार्यालयले ढुङगा, गिट्टी वालुवाको आय ठेक्का व्यवस्थापन गरी ठेक्का सम्झौता गर्दा सम्झौतामा उत्खनन गर्न पाउने परिमाण तोकी सम्झौता गरेको देखिएन ।
<table>
<tr><th>क्र.सं.</th><th>खोलाको नाम</th><th>परिमाण (घ.मी.)</th></tr>
<tr><td>१.</td><td>प्याकेज नं.-१ (मेची, निन्दा, दामा हडिया, देवनिया र टिमाई खोला)</td><td>१०९४५०</td></tr>
<tr><td>२</td><td>प्याकेज नं.-२ (रतुवा मावा, कनकाई र कमल खोला)</td><td>१०९१००</td></tr>
<tr><td>३</td><td>प्याकेज नं.-३ (विरिङ्ग टाङ्गटिङ्ग खोला)</td><td>७९८१३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९८३६३</td></tr>
</table>
कार्यालयबाट ढुङ्गा, गिट्टी, वालुवा ठेक्का र संझौता गर्दा बातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उल्लेख भएको परिमाण लाई सम्झौतामा उल्लेख गरी कार्यदिश दिनुपर्ने सम्बन्धमा ध्यान दिएको पाइएन । परिमाण नतोकी सम्झौता गर्दा वातावरणमा प्रभाव पर्न सक्दछ भने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकीदिएको परिमाण भन्दा बढी परिमाण उत्खनन भई जिल्ला विकास समितिले प्राप्त गर्ने आन्तरिक आय कम हुन सक्दछ । तसर्थ कार्यालयले वातावारणिय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा बढी उत्खनन हुन नपाउने गरी संझौतामा स्पष्ट परिमाण तोकी संझौता गर्न र निरन्तर रुपमा अनुगमन गर्न ध्यान पुऱ्याउनु पर्दछ । | | | |
| ४०. | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७० मा स्थानीय निकायले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असुल गर्नुपर्ने रकम निर्धारण गरी असुल गर्नुपर्ने व्यवस्था छ । विरिङ्ग टाङ्गटिङ्ग खोला ढुंगा, गिट्टी, बालुवा निकासी करको लागि ठेकेदार बन्दना सप्लायर्स, बुधवारे-२ संग वार्षिक वोल अंक रु. ४५००५००।०० बुझाउने गरी ठेक्का स्वीकृत भई मिति २०६८/५/६ मा सम्झौता भएको पाइयो । ठेक्का नलागेको अवधि कर श्रावण ३२ दिन र भाद्र ५ दिन समेत जम्मा ३७ दिनको हुने रु. ४७६२१५।०० छुट गरी रु. ४०४४२८५।०० मा एकमुष्ठ बुझाएकोले १० प्रतिशतले हुने रु. ३६३९८५६।५० मा सम्झौता गर्नुपर्नेमा रु. ४०३१९५५।०० मा १० प्रतिशत छुटले हुने रु. ३६२८७५९।०० मा सम्झौता गरेको पाइयो । असुल गर्नुपर्ने रकम असुल गर्दा कार्यालयले दिन गणना गर्दा घटी दिन पारी गणना गरेको कारणले असुल गर्ने रकम छुट भएको देखिन्छ । असुल गर्नुपर्ने रकम असुल गर्न छुट हुँदा कार्यालयलाई आन्तरिक आय घाटा पर्न गएको छ । तसर्थ नियमानुसार मिति २०६८/५/६ मा सम्झौता गरी सकेको हुँदा असुल गर्नुपर्ने रु. ३६३९८५६।५० मा रु. ३६२८७५९।०० मात्र असुल गरेकोले घटी रु. ११०९७५० असुल गर्नुपर्ने रु. | ११०९७.५० | | |
| ४१. | | **<u>बहाल कर कट्टा नगरेको</u>** आयकर ऐन २०५८ को दफा ८८ (५) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यस वर्ष ग्रेडर भाडा रु. १३३००५०।००, घरभाडा रु. ३१४२४७।०० जम्मा रु. १६४४२९७।०० आम्दानी गरेकोमा १० प्रतिशतका दरले हुने रकम रु. १६४४२९।७० बहाल कर कट्टी गरी राजश्व खातामा दाखिला गरेको पाइएन । उक्त कर रकम दाखिला नहुनुमा जानकारी नभएको कारण उल्लेख गरिएको छ । कर रकम दाखिला नहुंदा राजश्व रकममा असर पर्न गएको छ । तसर्थ कार्यालयले सम्बन्धित भाडा लिनेसंग निजले आन्तरिक राजश्व कार्यालयमा बहाल कर तिरेको प्रमाण भए पेश गर्नुपर्ने अन्यथा नियमानुसार दाखिला गर्नुपर्ने बहाल कर रकम राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु. | १६४४२९.७० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>जिविस कोष पूंजीगत</td><td></td><td></td><td></td></tr>
<tr><td>४२.</td><td>४५–०६९।३।१९</td><td>सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) क मा पांच लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ ।<br>कार्यालयले दमक नगरपालिका तारावारी वेरियरमा सवारी पार्किङ्ग निर्माणको लागि देहाय बमोजिम एउटै कामलाई टुक्रयाई इष्टिमेट तयार गरी दुई वटा निर्माण व्यवसायीहरुबाट गराई रकम खर्च गरेको देखिएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>काम</th><th>लागत अनुमान</th><th>निर्माण व्यवसायी</th><th>कार्य सम्पन्न/भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>तारावारी वेरियरमा सवारी पार्किङ्ग निर्माण</td><td>४९४१७८.००</td><td>अरुण निर्माण सेवा</td><td>४९४१७८.००</td></tr>
<tr><td>२</td><td>तारावारी वेरियरमा सवारी पार्किङ्ग निर्माण</td><td>३४४२८१.००</td><td>भूमी कन्स्ट्रक्सन</td><td>३४२०५८.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>८३६२३६.००</td></tr>
</table>
यसरी एउटै कामलाई टुक्रयाई दुई वटा फर्महरुबाट काम गराउनुको कारण निर्माण कार्यको सोझै खरिद गर्नु हो । सोझै खरिद गर्दा अन्य प्रक्रियाको जस्तो प्रतिष्पर्धात्मक हुंदैन भने सिमा भन्दा बढीको सोझै खरिदले नियम कानूनको अनुशरण गरेको पनि देखिदैंन । अतः उपरोक्तानुसार कामलाई टुक्रापारी सोझै खरिद गरेको नियमानुसार नदेखिएको रु.</td><td>८३६२३६.००</td><td></td><td></td></tr>
<tr><td>४३.</td><td>५०३–०६९।३।२५</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (१) मा खरिद सम्झौता बमोजिम कार्य शुरु भसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थप, घट गर्न वा नयां आईटम थप्नका सट्टा गर्न आवश्यक देखिए त्यसको लागत अनुमान तयार गरी १० प्रतिशतसम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी राजपत्रांकित द्वितिय श्रेणीको प्रमुखले जारी गर्न सक्ने कुरा उल्लेख छ ।<br>कार्यालयले भारतीय राजदुतावासको सहयोगमा संचालित विरिङ्ग खोला पुल निर्माण, खुदुनावारी, अर्जुनधाराको मु. अ. कर सहितको ठेक्का स्वीकृत रकम रु. २६७५८६७२।५२ मा भेरिएसन आदेश गर्नुपर्ने भई रु. २३४६८४४।५६ ( ८.७७ प्रतिशत ) को प्राविधिक पुष्ट्याई सहित मिति २०६५/९/६ मा भेरिएसन आदेश जारी गरेको छ । उक्त दुतावासको सहयोगमा संचालित आयोजनाको भेएिसन आदेश बमोजिमको भुक्तानी गर्नुपर्ने रकम सरुम्बन्धित जिविसले व्यहोर्ने भन्ने सहयोग संचालन गाईड लाईनमा भएकोले जिविसको पूंजीगत खर्चबाट भेरिएसन वापतको रु. २३८९५१८।८४ भुक्तानी भएको छ । तर उक्त योजनाको अन्तिम विलको भुक्तानी यो वर्षको लेखापरीक्षणको क्रममा नदेखिएकोले सोको कार्य सम्पन्न पनि धेरै पहिले नै भईसकेको हुनु पर्दछ । यसरी २०६५/९/६ को भेरिएसन आदेशको भुक्तानी ४ वर्ष पछि २०६९/३/२५ मा हुनु पर्नाको कारण स्पष्ट हुन सकेन साथै बजेट अभावको कारणले कार्य सम्पन्न भएको वर्ष भुक्तानी हुन नसक्दा भुक्तानी दिन बांकीको कच्चावारी तयार गरी पछिल्लो वर्षको बजेटबाट भुक्तानी हुनु पर्ने सो पनि भएको देखिएन । यसरी भुक्तानी दिन बाँकीको कच्चावारी नहुँदा उक्त रकम भुक्तानी हुन बांकी थियो भन्ने आधार स्पष्ट भएन ।<br>कार्य सम्पन्न भई अन्तिम विल भुक्तानी गर्दा यो वर्ष बजेट अभाव भएको र त्यसपछि निर्माण व्यवसायीले मांग पनि नगरेकोले रकम भुक्तानीमा ढिला भएको भन्ने कार्यालयको भनाई रहेको छ । यसरी समयमा नै रकम भुक्तान नगरिनु र भुक्तानी गर्नुपर्ने हिसावको प्रमाणित कच्चावारी समेत नहुँदा यसले अन्यौलता र आंशका पैदा हुन जान्छ । तसर्थ नियममा व्यवस्था भए बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी (मलेप फा. नं.-१८) तयार गरी राख्नु पर्ने वा सो नहुँदा परिषद्द्वारा पारित गराई भुक्तानी हुनु पर्दछ । अतः उपरोक्तानुसारको भुक्तानी नियमानुसार भएको नदेखिएको रु.</td><td>२३८९५१८.००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>४४.</td><td></td><td><u>चालु प्रकृतिका खर्चहरु पूंजीगत बजेटबाट</u></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>क) स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावलीको नियम ६० को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धी अनुसुची ६ बमोजिमको जिल्ला विकास समितिको खर्चको वर्गिकरण र व्याख्यामा पूंजीगत खर्च तर्फ स्वास्थ्य अनुदान अन्तरगत स्वास्थ्य संस्थाहरु अस्पताललाई दिइने पूंजीगत अनुदान सम्बन्धी खर्चहरु पर्दछन् तर कार्यालयले स्वास्थ्य अनुदानमा विनियोजित एवम्. पारित बजेटलाई जनस्वसथ्य कार्यालयको सिफारिस र व्यक्तिगत निवेदनको आधारमा विभिन्न मितिमा भौ. नं.-३, ४, ५, ६, ७, १९, २२, ३१, ३३, ३५, ३६, ३८, ४१, ४२, ५६, ६०, ६३, ६७, ६८, ६९, ७४, २६१, २९० बाट रु. २३४८४०।०० औषधी उपचार खर्च तथा आर्थिक सहायताको रुपमा उपलब्ध गराइएको छ । जुन कुरा चालु तर्फको खर्च शिर्षक नं.-३-०३-१ अन्तरगतको स्वास्थ्य अनुदान तर्फ पर्दछन् ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ख) जिल्ला विकास समिति अनुमान संचालन कार्यविधि २०६७ को बुंदा नं.-१३ (च) मा जिविसको पूंजीगत रकमबाट कुनै पनि प्रकारका राजनीतिक दल तथा तिनका भातृ भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमका आर्थिक सहायता प्रदान गर्न नपाइने भन्ने उल्लेख छ । कार्यालयले देहाय बमोजिम गरेका खर्चहरु पूंजीगत रकमबाट आर्थिक सहायता दिएको देखिन्छ ।
<table>
<tr><th>भौ. नं., मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३७–०६८।५।१८</td><td>ट्राफिक प्रहरी कार्यालय</td><td>५०००.००</td></tr>
<tr><td>४१–०६८।५।२०</td><td>ने. क. पा. एकिकृत</td><td>२००००.००</td></tr>
<tr><td>४२–०६८।५।२६</td><td>जिल्ला प्रशासन कार्यालय</td><td>१५०००.००</td></tr>
<tr><td>६१–०६८।६।६</td><td>मदन भण्डारी फाउण्डेशन</td><td>४००००.००</td></tr>
<tr><td>९३–०६८।७।२०</td><td>कुमुदचन्द्र इन्धनको</td><td>७४९९.००</td></tr>
<tr><td>११७–०६८।८।२५</td><td>अलैंची व्यवसायी संघ</td><td>२०००००.००</td></tr>
<tr><td></td><td></td><td>२८७४९९.००</td></tr>
</table>
यसो हुनुमा परिषद्‌बाट यी शिर्षकमा रकम विनियोजन भई पारित भएकोले सोही अनुसार कार्यक्रम संचालन एवम् अनुदान रकम दिइएको भन्ने कार्यालयको जवाफ पाईयो तर खर्च शिर्षक वर्गिकरण एवम् कार्यविधिको वेवास्ता गर्दा सरकारले खर्च गर्न चाहेको क्षेत्रमा खर्च नहुने तथा खाई मासिने कार्यमा रकम खर्च भई कार्यालयलाई अनावश्यक व्यय भार पर्न सक्छ । स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली एवम् जिविस अनुदान संचालन कार्यविधिको पुर्णपालना हुनु आवश्यक छ । अतः उल्लेखित खर्च नियमानुसार भएको नदेखिएको रु.</td><td>२८७४९९.००</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

४५.

**कर विजक पेश नभएको :-** मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा अपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र मिति २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ ।

निम्न निर्माण व्यवसायीलाई निर्माण कार्यको रकम भुक्तानी दिएकोमा निर्माण व्यवसायीले नियमानुसारको कर विजक जारी गरेको देखिएन भने कर विजक नं. कालोले पोतेर सच्याई जारी गरेको पाइयो ।

| सि.नं. | गो.भौ.नं. र मिति | बजेट शिर्षक | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | मू.अ.कर रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७-०६८।७।६ | **CAA** | साहेवाला इन्टरप्राईजेज विर्तामोड (३०००05७०५) | १६१२०.०० | २०९५.६० | १८२१५.६० | विजक नं. मा कालो पोती ०७१-०६७५।१ पारी जारी गरेको |
| २ | ७-०६८।४।२६ | जिविस कोष चालु | भरत आर्ट एण्ड स्क्रीन प्रिन्ट, चन्द्रगढी | ८४०००.०० | १०९२०.०० | ९४९२०.०० | विजक नं. केरमेट गरी जारी गरेको |
| ३ | २-०६८।४।२६ | | भरत आर्ट एण्ड स्क्रीन प्रिन्ट, चन्द्रगढी | १३००००.०० | १६९००.०० | १४६९००.० | विजक नं. केरमेट गरी जारी गरेको |
| ४ | ५-०६८।१२।३० | सडक बोर्ड | निभिल कन्स्ट्रक्सन, झापा (३००२५२३२१) | ५७७३०० | ७५०४९.०० | ६५२३४९.० | **विजक नं. लाई कालोले पोती ०३-०६८।१२।३० पारी जारी गरेको** |
| ५ | ४-०६८।१२।२१ | | निभिल कन्स्ट्रक्सन, झापा (३००२५२३२१) | ४४०१२५.०० | ५७२१६.२५ | **४९७३४१.२५** | **विजक नं. लाई कालोले पोती ०२-०६८।१२।२१ पारी जारी गरेको** |
| ६ | ६-०६९।२।२३ | | निभिल कन्स्ट्रक्सन, झापा (३००२५२३२१) | १३४३२८.८५ | १७४६२.७५ | **१५१७९१.६१** | **विजक नं. लाई कालोले पोती ०४-०६९।२।२३ पारी जारी गरेको** |
| ७ | १५-०६८।९।२० | भारतीय दूतावास | दिवा निर्माण सेवा प्रालि, ललितपुर (३०१८०१३७९) | ४७२२५०.० | ६१३९२.५० | **५३३६४२.५०** | विजक नं. लाई सच्याई ५४-०६८।९।२० पारी जारी गरेको |
| ८ | १५-०६८।३।२५ | **RTI-SWAP** | चन्द्र निर्माण सेवा, दमक | ४६९३२०.२७ | ६१०११.६३ | **५३०३३१.९०** | कर विजक पेश नगरेको |
| | | | **जम्मा** | **२३२३४४४.१२** | **३०२०४७.७३** | **२६२५४९१.८६** | |

मूल्य करमा दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु र भुक्तानी दिनेले पनि सही रुपमा कर बिजक एकीन नगरी भुक्तानी दिनु यसका कारण रहेका छन् । जसले गर्दा उक्त कर बिजक पेशगर्ने फर्म मु.अ.करमा दर्ता भएको भन्ने आधार एकीन हुन सकेन र उसले लिएको मू.अ.कर सरकारी कोषमा जम्मा भएको छ भन्ने आधार समेत किटान गर्न सकिएन । रितपूर्वकको कर बिजक जारी नगरी मु.अ.कर समेत भुक्तानी लिएको

रकम: ३०२०४७.७३

४६.

**आर्थिक ऐन नियम पालना सम्बन्धमा**

कार्यालयले आन्तरिक नियन्त्रण तथा व्यवस्थापनका लागि ऐन नियम कार्यविधि मा तोकिएको व्यवस्थाको पालना

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार ऐन नियम कार्यविधि आदि व्यवस्थाको पालना गरेको देखिएन ।<br>(क) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याङ्कन गरेको, चेक गरेको स्वीकृत गरेको, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, चेक गरेको र स्वीकृत गरेको मिति उल्लेख नभएकोले कुन मितिमा तयार भई कुन मितिमा स्वीकृत भएको हो यकिन गर्ने आधार भएन ।<br>(ख) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने र खर्च भएको सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्बर राखी आर्थिक प्रशासन शाखा प्रमुखले "भुक्तानी भएको" जनाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार प्रमाणित गर्ने गरेको पाइएन ।<br>(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम खरिद एवं निर्माण कार्यको बीमा गराउनुपर्नेमा गराउने गरेको पाइएन ।<br>(घ) कार्यालयले उद्धेश्य प्राप्तमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको देखिएन ।<br>(ङ) चल्ती मेशिनरी र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राखेको पाइएन ।<br>(च) काज स्वीकृत गराई वा फिल्ड निरिक्षण गर्न जादाँ फिल्ड निरिक्षण गरी फर्के पछि भए गरेका कार्यको यथार्थ स्थितिको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेमा सो प्रतिवेदन दिने गरेको पाइएन । | | | |
| | | उपरोक्त व्यवस्था परिपालना नहुनुमा त्यसको कार्यान्वयनमा प्राथमिकता प्रदान नगर्नु नै मुख्य रहेको छ । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीमा प्रभाव पर्दै कार्य सम्पादनमा कमजोरीपना देख्न सकिन्छ । तसर्थ कार्यालयसंग सम्वन्धीत ऐन नियमका व्यवस्थालाई पालना गर्नु गराउनु पर्दछ । | | | |
| ४७. | | **बेरुजू फछ्र्यौटको विवरण:–** स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असूल फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार आर्थिक वर्ष २०६७६८ सम्मको केन्दीय शिर्षक तर्फको कुल बेरुजू रु. ३३१००४९३।०० कायम रहेकोमा रु. १५०३४७९९।०० अर्थात ४५.४२ प्रतिशत फछ्र्यौट भई रु. १८०६५६९४।०० बांकी रहेको जनाएको छ । बांकी बेरुजु फछ्र्यौट हुन नसक्नुमा सम्वन्धित कर्मचारीबाट प्रमाण कागजात प्रस्तुत नहुनु मुख्य कारण रहेको पाईन्छ । यसबाट हरेक वर्ष बेरुजुको परिमाण थपिदै गई ठुलो बन्दै आर्थिक व्यवस्थापन कमजोर बन्दछ । बांकी बेरुजू रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ । | | | |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **<u>केन्द्रिय शीर्षक तर्फः</u>** | | | |
| | | **<u>निर्वाचन क्षेत्र विकास कार्यक्रमः ३६५८२८३</u>** | | | |
| ४८. | | **<u>योजना छनौंट</u>**<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०६५ को नियम ३ (३) मा कार्यक्रम छनौंट गर्दा १ वर्ष भित्र कार्यान्वयन गर्न सकिने ५० हजार रुपैया भन्दा वढी लागत भएका कार्यक्रम छनौंट गरी कार्यान्वयन तालिका समेत वनाई सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्ने र त्यस्तै नियम ४ (१ ग) मा कार्यक्रम छनौंट गर्दा १ आर्थिक वर्षमा बढीमा सात वटा कार्यक्रम छनौंट गर्न सकिने व्यवस्था छ ।<br>यस जिल्लाका माननीय सभासद्हरुले निम्न अनुसारको मितिमा निम्न संख्याको योजना छनौंट गरी जिल्ला विकास समितिको कार्यालयमा पेश गरेको पाईयो । | | | |

| सि.नं. | सभासदको नाम | योजना छनौट मिति | छनौट गरेको योजना संख्या |
|---|---|---|---|
| १ | जगतबहादुर ताजपुरिया | २०६८।१२।१६ | ६ |
| २ | अग्नीप्रसाद खरेल | २०६८।११।१५ | ७ |
| ३ | चन्द्रलाल मेचे | २०६८।१०।२२ | १२ |
| ४ | केशवकुमार बुढाथोकी | २०६८।१२।१२ | ११ |
| ५ | उषा गुरुङ्ग | २०६८।१०।२३ | ७ |
| ६ | अमृतलाल राजवंशी | २०६८।१०।२३ | ९ |
| ७ | सिद्धार्थकुमार सोमानी | २०६८।१०।५ | ६ |
| ८ | धर्मशिला चापागाई | २०६८।८।२९ | ८ |
| ९ | पुजा खनाल | २०६८।९।१३ | ११ |
| १० | पुर्णप्रसद राजवंशी | २०६८।८।४ | १२ |
| ११ | विश्वदिप लिङ्गदेन | २०६८।९।११ | ९ |
| १२ | मानसिंह राजवंशी | २०६८।९।११ | ६ |
| १३ | दिपक कार्की | २०६८।९।६ | ११ |
| १४ | युवराज कार्की | २०६८।८।९ | १० |
| १५ | धर्म घिमिरे | २०६८।८।२७ | ७ |
| | **जम्मा** | | **१३२** |

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | समयमै वजेट तथा अख्तियारी प्राप्त हुन नआएको तथा समयमै कार्यक्रम छनौंट नगरेको कारणले आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता तथा कार्यान्वयन गर्ने र तोकिएका संख्या भन्दा वढी संख्यामा योजना छनौट गर्ने परिपाटी नै प्रमुख कारण रहेको पाईयो ।<br>समयमै योजना छनौट नगर्दा आर्थिक वर्षको अन्त्यमा हतार हतार कार्य गर्ने र भएका कामको समेत गुणस्तरीय कार्य नहुनसक्ने सम्भावना देखिन्छ । साथै तोकिएका संख्या भन्दा वढी संख्यामा योजना छनौट गर्दा त्यस्ता योजनामा भएको लगानी दिगो र ती योजनाले दिने प्रतिफल अपेक्षा गरे अनुसार प्राप्त गर्न कठिनाई पर्न जाने देखिन्छ । तसर्थ नियममा व्यवस्था भए अनुसारको निश्चित संख्यामा योजना छनौट गरी तोकिएकै समयमा जिल्ला विकास समितिमा पेश गरी सञ्चालन गर्न ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । | | | |
| ४९. | | **अनुगमन :**<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०६५ को नियम ८ (क) (२) मा सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिमा दिनु पर्ने उल्लेख छ । यस कार्यक्रम अर्न्तगत सञ्चालित योजनाहरुको संविधान सभाका सम्वन्धित सदस्यले अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिमा पेश गरेको पाईएन ।<br>सदस्यहरुले योजना छनौटमा मात्र सक्रियता रही निर्माण चरणमा वास्ता नगर्नु नै यसको मुख्य कारण हो । यसवाट कामको स्तरीयतामा कमी आउन सक्ने देखिन्छ । सम्वन्धित सदस्यको सिफारिश पश्चात मात्र योजना रकम भुक्तानी हुनु पर्दछ । | | | |
| ५०. | | **जनश्रमदान :**<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०६५ को नियम ३ (६) (ग) मा संविधान सभा सदस्य वा निजको प्रतिनिधीले योजना छनौट गर्दा कम्तिमा २० प्रतिशत जनसहभागिता हुने योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस जिल्लाका सभासद्हरुले छनौंट गर्नु भएको निम्न योजनामा जनसहभागिता २० प्रतिशत नपुगेको योजनाहरु छनौट गरी सञ्चालन गरेको पाईयो । | | | |

| सि.नं. | कार्यक्रम/योजनाको नाम | लागत अनुमान रकम | अनुदान रकम | जनसहभागिता को रकम | जनसहभागिता को प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नारी शिप विकास भवन, झ्याल ढोका निर्माण, बनियानी | १८०८८२.२९ | १५००००.०० | ३०८८२.२९ | १७ |
| २ | शहिद शंकर मार्ग निर्माण, बुधवारे-४ | २३३९०३.५६ | २०००००.०० | ३३९०३.५६ | १४ |
| ३ | सत्य साई केन्द्र, चन्द्रगढी | १४११४६.२७ | १२५०००.०० | १६१४६.२७ | ११ |
| ४ | महारानीझोडा-५ र ६ सडक निर्माण | १२८३५१.८२ | ११००००.०० | १८३५१.८२ | १४ |
| ५ | धरमपुर-४, ५ बस्नेत टोल सडक निर्माण | ११६०७०.५७ | १०००००.०० | १६०७०.५७ | १४ |
| ६ | हरि निमावि विद्यालय भवन निर्माण, मेचीनगर-४ | ४०४०९८.७९ | ३३५०००.०० | ६९०९८.७९ | १७ |
| ७ | सिमसार विकास तथा पर्यटकीय मार्ग | ६६०३७१.४२ | ५५००००.०० | ११०३७१.४२ | १७ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>निर्माण, शान्तिनगर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>शौचालय निर्माण, कुमरखोद</td><td>१२४५९६.००</td><td>११००००.००</td><td>१४५९६.००</td><td>१२</td></tr>
<tr><td>९</td><td>सामुदायिक/रेडक्रस भवन निर्माण, राजगढ</td><td>१९३७४५.४०</td><td>१६००००.००</td><td>३३७४५.४०</td><td>१७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१८३१६६.१२</td><td>१८४००००</td><td>३४३१६६.१२</td><td></td></tr>
</table>
निर्देशिकाको व्यवस्था भन्दा उपभोक्ता समितिको योगदान घटी हुनु जनश्रमदान परिचालन नगरिनु नै यसको कारण मान्न सकिन्छ । यसवाट जन परिचालनमा कम योगदान देखाउने प्रवृति वढ्दछ । कार्यालयले नियमावली र निर्देशिकाको व्यवस्था पालना गराउन ध्यान दिनु पर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>५१.</td><td>७८–०६८।१२।७</td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (ढ) मा उपभोक्ता समितिको योगदान कम भएमा सोही अनुपातमा नुदान रकम समेत कम गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।<br>
श्रीकृष्ण प्रणामी (युवा संघ भवन निर्माण) चन्द्रगढी-३ संग लागत अनुमान रु. २५५१२७०३ मा अनुदान रु. २०००००।०० दिने गरी मिति २०६८/१२/१ मा सम्झौता भएको पाइयो । उक्त भवन निर्माण कार्यको नापी मुल्यांकन अनुसार रु. २४८७२०।१६ को कार्य भएको पाइयो । नापी मुल्यांकन अनुसार रु. १९४९७१।०० भुक्तानी दिनु पर्नेमा रु. २०००००।०० भुक्तानी दिएको पाइयो । अनुपातिक हिसावले हुने रु. ५०२९।०० बढी भुक्तानी दिएको पाइयो ।<br>
अनुपातिक हिसावले हुने रकम कट्टा नगरेको कारणले बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी हुंदा सरकारी व्ययभार बढी पर्न गएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल गरी राजश्व खातामा दाखिला हुनुपर्ने रु.</td><td>५०२९.००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>केन्द्रियस्तरका सडकहरु (३३७१०७४)</td><td></td><td></td><td></td></tr>
<tr><td>५२.</td><td></td><td>स्थानीय विकास मन्त्रालयले वजेट खर्च गर्ने अख्तियारी पत्र साथ पठाएको कार्यक्रम संचालन सम्वन्धमा थप निर्देशनको वुदा नं. १० मा यस कार्यक्रमवाट संचालित योजना २०६९ जेष्ठ मसान्त सम्म अनिवार्य रुपमा सम्पन्न हुने गरी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।<br>
तर कार्यालयले यस वर्ष यस कार्यक्रमबाट १५ वटा योजना संचालन गरेको मध्ये १४ वटा निम्न योजनाहरु २०६९ असार महिनामा सम्पन्न गरी योजनाहरुको भुक्तानी दिएको पाइयो ।
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>ठेगाना</th><th>स्वीकृत रकम</th><th>सम्झौता मिति</th><th>कार्य सम्पन्न मिति</th></tr>
<tr><td>१</td><td>इटाभट्टा सोनामचौक निन्दा सिरान सडक</td><td>बाहुण्डांगी</td><td>७०००००.००</td><td>२०६९।२।२०</td><td>२०६९।३।२५</td></tr>
<tr><td>२</td><td>ग्वालडुब्बा कोहवरा सडक ग्राभेल</td><td>जुरोपानी</td><td>७०००००.००</td><td>२०६९।१।५</td><td>२०६९।३।१८</td></tr>
<tr><td>३</td><td>कांकरभिट्टा बाहुण्डांगी सडक (ड्रेन निर्माण)</td><td>मेचीनगर</td><td>५०००००.००</td><td>२०६८।१२।२९</td><td>२०६९।३।१८</td></tr>
<tr><td>४</td><td>फुलवारी हल्दिवारी हुंदै जिल्ला सदरमुकाम भद्रपुर जोड्ने सडक ग्राभेल</td><td>चकचकी-६</td><td>८०००००.००</td><td>२०६९।२।२५</td><td>२०६९।३।२५</td></tr>
<tr><td>५</td><td>घैलाडुब्बा विर्तावजार सडक ग्राभेल</td><td>घैलाडुब्बा</td><td>८०००००.००</td><td>२०६९।२।७</td><td>२०६९।३।२१</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | शनिश्चरे कालिस्थान हुँदै धाईजनचौक सडक कालोपत्रे (मिलन चौक) | शनिश्चरे | १००००००.०० | २०६९।१।२५ | २०६९।३।२५ |
| ७ | स्कूलचौन डोरामारी बजार बनियाटोली हुँदै खजुरगाछी सडक ग्राभेल | महारानीझोडा | ८०००००.०० | २०६९।१।२० | २०६९।३।२५ |
| ८ | महाभारा-८ ढुंगाना बस्ती रंगियाथान शिवगञ्ज सडक ग्राभेल | महाभारा | ८०००००.०० | २०६९।१।१७ | २०६९।३।२० |
| ९ | शरणामती बजार हुँदै भारत सिमाना जोड्ने सडक (ज्योतिष मार्ग) | शरणामती | ८०००००.०० | २०६८।१२।२१ | २०६९।३।२५ |
| १० | भद्रपुर-११ बाट वेद विद्याश्रम जाने सडक ग्राभेल | महेशपुर | ६०००००.०० | २०६९।२।२३ | २०६९।३।१८ |
| ११ | झिलझिलेबाट दक्षिण लालझोडा हुँदै शिवगञ्ज सडक मर्मत | सतासीधाम र शिवगञ्ज | १००००००.०० | २०६९।२।१० | २०६९।३।२५ |
| १२ | चन्द्रगढी-६, ७ मैत्री मार्ग कालोपत्रे | चन्द्रगढी | १२०००००.०० | २०६८।१२।२७ | २०६९।३।२५ |
| १३ | डुडामारी शिवगञ्ज पांचगाछी सडक ग्राभेल | शिवगञ्ज | ८०००००.०० | २०६९।१।७ | २०६९।३।१५ |
| १४ | महानन्द चौक माता मन्दिर सडक कालोपत्रे | शनिश्चरे | ५०००००.०० | २०६९।२।२५ | |
| १५ | | | *११००००००.००* | | |

अख्तियारी समयमा प्राप्त नहुनु र निर्देशिकाको कार्यान्वयन गर्न ध्यान नदिनु नै प्रमुख कारण रहेको छ । तोकिएको समयमा काम सम्पन्न गर्न नसकि असार महिनामा मात्र कार्य गर्ने प्रवृतिले कामको गुणस्तरियतामा प्रभाव पार्न सक्ने देखिन्छ । तसर्थ कार्यालयले मन्त्रालयले अख्तियारी प्रदान गर्दा दिएका निर्देशनहरुको परिपालना गर्न ध्यान दिनुपर्ने आवश्यक्ता देखिन्छ ।

५३. **जिल्ला यातायात गुरु योजना :-**

स्थानीय विकास मन्त्रालयले बजेट खर्च गर्ने अख्तियारी पत्रको साथ कार्यक्रम संचालन निर्देशन नं. १ मा जिल्ला विकास समितिबाट तयार भएको जिल्ला यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष छनौट गरी संचालन गरेका योजनाहरु मध्ये निम्न योजनाहरु जिल्ला यातायात गुरुयोजनामा नपरेका योजनाहरु छनौट गरी संचालन गरी खर्च गरेको पाइयो ।

| सि. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | भद्रपुर-११ बाट बेद विद्याश्रम जाने सडक | ६०००००।०० |
| २. | चन्द्रगढी-६, ७ को मैत्री मार्ग कालोपत्रे | १२०००००।०० |
| ३. | महानन्द चौक माता मन्दिर सडक कालोपत्रे | ५०००००।०० |
| | **जम्माः** | **२३०००००।००** |

जिल्ला यातायात गुरु योजनामा नपरेका ३ सडक योजनाहरुलाई रु. २३०००००।०० विनियोजन गरेको पाईयो ।

यसरी गुरुयोजनामा नपरेका सडकहरुलाई बजेट विनियोजन गर्नुमा निर्देशिकाको कमजोर परिपालना हुनु, पहुंच र प्रभावका आधारमा बजेट विनियोजन गरिनुनै प्रमुख कारण देखिन्छ ।

यसरी प्राथमिकतामा नपरेका सडकहरुलाई बजेट विनियोजन गरी खर्च गरिंदा गुरुयोजनामा परेका सडकहरुको लागि बजेट

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>कम भई समयमै काम सम्पन्न नहुने, थप नयां योजना संचालन गरिंदा भविष्यमा सो योजनालाई पूर्णता दिन बजेट अभाव हुने जस्ता प्रभाव पर्ने देखिन्छ ।<br>गुरुयोजनामा परेका योजनाहरुलाई प्राथमिकतादिई बजेट विनियोजन नगर्ने तथा निर्देशिकाको पूर्ण परिपालना नगर्ने कार्यलाई नियमसम्मत खर्च भएको छ भन्न नसकिएको रु.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३।८४)</u></td><td></td><td></td><td></td></tr>
<tr><td>५४.</td><td></td><td><u>५ लाख घटीका योजनामा लगानी :-</u><br>स्थानीय विकास मन्त्रालयको बजेट खर्च गर्ने अख्तियारी पत्र साथै यस कार्यक्रम संचालन पठाएको थप निर्देशन शर्तहरु को वुदाँ नं. ५ मा योजनागत बजेट विनियोजित गर्दा मर्मत सम्भार कार्य बाहेक एउटा आयेजनामा रु ५ लाख भन्दा बढी बजेट विनियोजन गर्नु पर्ने व्यवस्था गरेको छ ।<br>कार्यालयको यस वर्ष यस कार्यक्रमबाट १२ वटा सडक निर्माण तथा स्तरोन्नती कार्य गर्न छनौट गरी निर्माण तथा स्तरोन्नती कार्य गराएकोमा कार्यालयले रु ५ लाख भन्दा निम्न घटीका ६ वटा सडकमा रु २१९००००।०० रकम विनियोजन गरी खर्च गरेको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>जुके कल्भर्टदेखि जामुनखाडी सिमसार जाने सडक</td><td>३०२६२७.९६</td><td>३०००००.००</td></tr>
<tr><td>२</td><td>खर्साङ्गवारी मंगलवारेचौक शान्तीचौक हुंदै अधिकारी चौक हुंदै दल्किसम्म सडक ग्राभेल, जलथल</td><td>४८४५१७.२०</td><td>४१००००.००</td></tr>
<tr><td>३</td><td>सेती कल्भर्ट निर्माण</td><td>३०२३१८.८८</td><td>२५००००.००</td></tr>
<tr><td>४</td><td>डुडामारी पुल निर्माण</td><td>४५१४७९.६८</td><td>४१००००.००</td></tr>
<tr><td>५</td><td>दुधे बच्चाबगर सडक</td><td>४९३२९१.६३</td><td>४१००००.००</td></tr>
<tr><td>६</td><td>चुरे मार्ग (शान्तीनगर बाहुण्डांगी सडक)</td><td>४९६६४८.४३</td><td>४१००००.००</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>२५३०८८३.७८</td><td>२१९००००.००</td></tr>
</table>
यसरी ५ लाख घटीको योजना छनौट गर्नुमा निर्देशिकाको कमजोर परिपालना हुनु, पहुँच र प्रभावका आधारमा बजेट विनियोजन गरिनु नै प्रमुख कारण देखिन्छ । यसरी पाँच लाख भन्दा घटीका योजना छनौट गर्दा निर्देशिकाको उद्देश्य अनुरुपको कार्य नहुनु र साना कार्यक्रममा लगानी भई समग्र विकासका ठुला आयोजना संचालन तथा कार्यान्वयनमा प्रभाव पर्न जाने देखिन्छ । तसर्थ कार्यालयले अख्तियारी प्राप्त गर्दाको निर्देशनको पालना गरी तोके बमोजिमका योजना संचालन गर्न ध्यान दिनुपर्ने देखिन्छ । यसर्थ उपरोक्त व्यवस्था विपरित खर्च गरेको नियमानुसार भएको देखिएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५५.</td><td></td><td><u>जनश्रमदान</u> :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम ५ को (झ) मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेसिनरीको बढी प्रयोग हुने कामबाहेक सामान्यतया श्रमप्रदान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ । स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका २०६३ को बुंदा नं. ८.२ (झ) मा उपभोक्ता समितिबाट उपलव्ध हुने सहभागिताको प्रतिशत अंक कामको प्रकृति हेरी जिल्ला तथा नगरपालिका गरी एकरुपता आउने गरी जिल्ला विकास समिति र नगरपालिकाले २० प्रतिशतमा नघट्ने गरी तोक्नुपर्ने व्यवस्था छ ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
उपरोक्त व्यवस्था विपरित कार्यालयले जनसहभागिता २० प्रतिशत नपुगेका निम्न योजनाहरुमा उपभोक्ता समितिसंग संझौता गरी योजना संचालन गरेको पाइयो ।

<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान रकम</th><th>अनुदान रकम</th><th>जनसहभागीता को रकम</th><th>जनसहभागीता को प्रतिशत</th></tr>
<tr><td></td><td>३६५८०८३ कृषिसडक पूजिगत</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>धुलावारी शान्तिनगर इरौटार सडक कालोपत्रे गर्ने कार्य</td><td>२२१४२१०.७५</td><td>२००००००.००</td><td>२१४२१०.७५</td><td>९.६७</td></tr>
<tr><td>२</td><td>कांकरभिट्टा बाहुण्डांगी सडक कालोपत्रे</td><td>११२८४१३.९८</td><td>१००००००.००</td><td>१२८४१३.९८</td><td>११.३८</td></tr>
<tr><td>३</td><td>भद्रपुर ज्यामिरगढी धुलावारी सडक कालोपत्रे</td><td>१५०७३२९.९५</td><td>१३६००००.००</td><td>१४७३२९.९५</td><td>९.७७</td></tr>
<tr><td>४</td><td>चारपाने-८ गरामनी-९ अदुवा खोला कल्भर्ट निर्माण</td><td>८१६२७८.५९</td><td>७२००००.००</td><td>९६२७८.५९</td><td>११.७९</td></tr>
<tr><td>५</td><td>डुडामारी धरमपुर पुल निर्माण</td><td>४५१४७९.७८</td><td>४१००००.००</td><td>४१४७९.७८</td><td>९.१७</td></tr>
<tr><td>६</td><td>भद्रपुर गार्मेन्टचौक दक्षिण सडक मर्मत</td><td>११६०२६.६०</td><td>१०००००.००</td><td>१६०२६.६०</td><td>१३.८१</td></tr>
<tr><td></td><td></td><td>६२३३७३९.६५</td><td>५५९००००.००</td><td>६४३७३९.६५</td><td></td></tr>
</table>

निर्देशिकाको व्यवस्था भन्दा उपभोक्ता समितिको योगदान घटी हुनु जनश्रमदान परिचालन नगरिनु नै यसको कारण मान्न सकिन्छ । यसवाट जन परिचालनमा कम योगदान देखाउने प्रवृति वढ्दछ । कार्यालयले नियमावली र निर्देशिकाको व्यवस्था पालना गर्न गराउन ध्यान दिनु पर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>मर्मत सम्भार कोष</u></td><td></td><td></td><td></td></tr>
<tr><td>५६.</td><td></td><td>
स्थानीय पुर्वाधार तथा कृषि सडक विभाग (३६५८०८३/८४) तर्फबाट स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ को निर्देशन नं.१०.५ मा कृषि तथा स्थानीयस्तरका सडक आयोजनाको लागि प्रतिवर्ष उपलब्ध कुल बजेट रकमको कम्तिमा ५ प्रतिशत रकम सडक मर्मत सम्भारको लागि अनिवार्य रुपमा विनियोजन गरी उक्त रकम ग्रामीण सडक मर्मत सम्भार निर्देशिका, २०६४ मा व्यवस्था भए अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ ।

यस कार्यालयले ब.शि.न. ३६५८०८३ मा विनियोजन भएको रु २,७५,००,०००।०० र ब.शि.न. ३६५८०८४ मा विनियोजन भएको रु. २०,००,०००।०० समेत जम्मा रु. २,९५,००,०००।०० को ५ प्रतिशतले हुने रकम रु. १४,७५,०००।०० सडक मर्मत सम्भारको लागि विनियोजन गर्नुपर्नेमा मर्मत सम्भार कोषमा रकम विनियोजन गरेको पाइएन ।

निर्देशिका अनुसार मर्मत सम्भार कोषमा बजेट विनियोजन नगरी खर्च गर्नुले मर्मत सम्भारका लागि धेरै रकम आवश्यक ठानेको तथा निर्देशिकाको पालना नहुनु नै मुख्य कारण हो ।

यसबाट मर्मत सम्भार कोषमा रकम विनियोजन नगर्दा अन्य मर्मत गर्नुपर्ने सडक आयोजनाबाट प्राप्त हुने लाभबाट वञ्चित हुनु परेको छ ।

कार्यालयले मर्मत सम्भार कोषमा निर्देशिका अनुसार विनियोजन गर्नुपर्ने रकम विनियोजन नगरी खर्च गरेको नियमानुसार भएको नदेखिएको रु.
</td><td>१४७५०००.००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>५७.</td><td></td><td>
हेभी मेशिनरीको प्रयोग :- आर्थिक वर्ष ०६८।६९ को बजेट खर्च गर्ने अख्तियारी दिदा स्थानीय विकास मन्त्रालयले कार्यक्रम संचालन सम्वन्धमा दिएको निर्देशनको बुदां नं. ८ मा आयोजना कार्यान्वयन गर्ने क्रममा वातावरणीय पक्ष स्थानीय सीप , श्रम तथा सामाग्रीहरुलाई उपयोग र हेभी मेशिनरीको प्रयोगलाई निरुत्साहीत छ । यदी हेभी मेशिनरी प्रयोग गर्नुपर्ने अवस्थामा सोही अनुरुपको ल.ई. तथा मुल्यांकन गर्नुपर्ने व्यवस्था गरेको छ ।<br>
यस कार्यालयबाट संचालित योजनाहरु मध्ये निम्न योजनाहरुमा कार्यालयले हेभि मेसिन प्रयोग हुने सडक पिच( कालोपत्रे) गर्ने कार्य गरेको पाईयो ।
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान रकम</th><th>कार्यालयले व्यहोरेको रकम</th></tr>
<tr><td>१</td><td>भद्रपुर ज्यामिरगढी कालोपत्रे, ज्यामिरगढी, मेचीनगर</td><td>१५०७३२९.९५</td><td>१३६००००.००</td></tr>
<tr><td>२</td><td>धुलावारी शान्तिनगर इरौटार सडक कालोपत्रे, ज्यामिरगढी, मेचीनगर</td><td>२२१४२१०.७५</td><td>२००००००.००</td></tr>
<tr><td>३</td><td>सैनिकमोड गोलधाप डिम्माखुट्टी सडक कालोपत्रे</td><td>६२५४५३.३१</td><td>५०००००.००</td></tr>
<tr><td>४</td><td>चारपाने राजगढ शहिद मार्ग कालोपत्रे</td><td>८०२४८१.००</td><td>५०००००.००</td></tr>
<tr><td>५</td><td>कांकरभिट्टा बाहुण्डांगी सडक कालोपत्रे</td><td>११२८४१३.९८</td><td>१००००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६२७७८८८.९९</td><td>५०९९९३७.००</td></tr>
</table>
नियमावलीमा व्यवस्था भएतापनि श्रममूलक हिसावले काम गर्नु भन्दा हेभिमेसिनरी प्रयोगबाट सस्तोमा निर्माण कार्य हुनु मुख्य कारण हुन सक्दछ ।<br>
यसबाट स्थानीय सरोकारवालाको सीप क्षमता अभिवृद्धि नहुनुका साथै आय आर्जनमा सघाउन पुग्ने विषयमा प्रभाव पर्दछ ।<br>
तसर्थ कार्यालयले अख्तियारी दिदा दिईएका निर्देशनहरु पालना गर्ने गराउने तर्फ ध्यानदिनु पर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>५८.</td><td></td><td>
स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७६ (३) मा जफत गरेको धरौटी नेपाल सरकारको खातामा जाने भए नेपाल सरकारको रकम सम्बन्धित खातामा नै पठानुर्पे व्यवस्था छ ।<br>
कार्यालयले पाडाजुगी बाहृघरे झर्का चप्रामारी सडक ग्राभेल कार्यको ठेकका गरी सब भन्दा कम कवोल गर्ने डि. के. कन्स्ट्रक्सन, झापाले ठेकका सम्झौता गर्न आएको धरौटी रकम रु. ५९५५०।०० जफत गरी आन्तरिक आय खातामा आम्दानी बांधेको पाइयो ।<br>
कार्यालयले सरकारी राजश्वमा जानुपर्ने रकम आन्तरिक आय नै भएको सम्झी आन्तरिक आय खातामा आम्दानी जनाएको देखिन्छ । सरकारी राजश्वमा जानुपर्ने रकम आन्तरिक आय खातामा आम्दानी बांध्दा सरकारी राजश्व घटी भएको छ । तसर्थ कार्यालयले सरकारी कोषमाम दाखिला गर्नुपर्ने राजश्व रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.
</td><td>५९५५०.००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>३६५८०८४ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम</u></td><td></td><td></td><td></td></tr>
<tr><td>५९.</td><td></td><td>
स्थानीय यातायात पूर्वाधार क्षेत्रगतत कार्यक्रम सांल सम्बन्धमा स्थानीय विकास मन्त्रालयले रकम खर्च गर्ने अख्तियारी दिंदा थप निर्देशिको बुंदा नं.-१० मा सार्वजनिक निर्माण सुधार शिर्षकम विनियोजित रकम कुनै एक महत्वपुर्ण कृषि सडक योजनामाम बजेट विनियोजनरी संचालन गर्नुपर्ने भनी उल्लेख गरेको छ ।<br>
कार्यालये यस वर्ष निकासा प्राप्त भएको रु. २० लाखमा रु. ५/५ लाखका दरले बजेट बांडफांड गरी ४
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>वटा सडकमा लगानी गरी खर्च गरेको पाइयो । यसरी एउटै सडकमा लगानी गर्नुपर्ने रकम ४ वटा सडकमा लगानी गर्नुको कारण दिइएको निर्देशनको पालना नगर्नु नै प्रमुख कारण रहेको देखिन्छ । एउटै सडकमा लगानी नगर्दा दिइएको निर्देशनको परिपालनामा कमजोरी भएको देखिन्छ । तसर्थ कार्यालयले योजना संचालन गर्नुपुर्व बजेट खर्च गर्न दिइएको अख्तियारीको निर्देशनको पालना गर्न ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>ग्रामिण पहुंच सुधार तथा विकेन्द्रिकरण कार्यक्रम ( ३६५८१४३) र झोलुङ्गे पुल</u> (३६५८०९३)</td><td></td><td></td><td></td></tr>
<tr><td>६०.</td><td>५–०६९।३।३१<br>७–०६९।३।३१</td><td>फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगरको लागि फेब्रिकेशन तथा स्टील पार्टस खरिदको लागि कबोल अंक रु. ४१७७८६६।२० (मू.अ.कर सहित) मिति २०६९ असार १५ गते भित्र सामान डेलिभरी (बुझाउने गरी) दिने गरी भगवती स्टील इण्डस्ट्रिज प्रालि, बारासंग मिति २०६८ चैत्र २८ गते सम्झौता भएको पाइयो । संझौताको बुंदा नं. ९ मा समयमा सामान दिन नसकेमा प्रति दिन संझौता रकमको ०.०१ प्रतिशतले हुने हर्जाना (Liquidated damage) लिने व्यवस्था रहेको पाइयो ।<br>निज फर्मले कर विजक २०६९/३/२५ मा जारी गरेको र २०६९/३/३१ मा झोलुङ्गे पुलको सामान फर्मको प्रतिनिधिले कार्यालयमा वुझाएको देखियो । उक्त सामानको क्वालिटी टेष्टको रिपोर्ट कार्यालयमा दाखिला गरेको देखिएन भने कार्यालयले जिन्सी खातामा आम्दानी जनाएको समेत देखिन आएन ।<br>उक्त सामान समयमा नै निज फर्मले डेलिभरी दिन नसक्नु र सम्झौताको व्यवस्था पालना गर्न ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ ।<br>सम्झौताको व्यवस्था पालना नगर्दा तोकिएको समयमै सामान प्राप्त नहुने र निर्माण कार्य ढिलो हुने प्रभाव पर्दछ । कार्यालयले उक्त प्राप्त भएको सामानको जिन्सी दाखिला गरी गराई पेश गर्नु पर्दछ भने सम्झौताको दफा ९ अनुसार सामान ढिलो वुझाएको दिन १६ दिनको प्रति दिन रु. ०.०१ ( ४१७७९ ) का दरले हुने रु. ६६८५।०० हर्जाना असुल गरी भुक्तानी दिनु पर्नेमा उक्त हर्जाना (Liquidated damage) असुल गरेको पाइएन । तसर्थ कार्यालयले संझौतामा उल्लेख भए अनुसारको हर्जाना रकम असुल गरी संचित कोष दाखिला गर्नु पर्ने रु.</td><td>६६८५.००</td><td></td><td></td></tr>
<tr><td>६१.</td><td></td><td>कार्यालयमा प्राप्त हुन आएको झोलुङ्गे पुलको सामान स्पेशिफिकेशन अनुसार भए/नभएको क्वालिटी टेष्ट गरी जिन्सी सामानहरु समयमा नै जिन्सी खातामा दाखिला गर्नु पर्दछ साथै कार्यालयबाट संचालित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस वर्ष फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगरको लागि भगवती स्टील इण्डस्ट्रिज प्रा. लि., बारासंग फेब्रिकेशन स्टील पार्टस खरिद गरी सम्बन्धित आयोजना स्थलमा नलगी कार्यालयमा नै राखिरहेको पाइयो । साथै उक्त सामानहरु कार्यालयमा प्राप्त भएपछि क्वालिटी टेष्टको रिपोर्ट लिई जिन्सी दाखिला गर्नुपर्नेमा क्वालिटी टेष्टको रिपोर्ट लिएको र जिन्सी दाखिला गरेको समेत देखिएन आएन । उपरोक्त कार्यक्रमको लागि यस वर्ष कार्यालयले रु. ३७७१५५०।०० भुक्तानी गरेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रमहरु</th><th>रकम</th></tr>
<tr><td>२</td><td>फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगर</td><td>४१७७८६६।२०</td></tr>
</table>
यसरी कार्यक्रम पुर्ण रुपमा सम्पन्न नहुनुमा बजेट रोक्का हुनु र कार्यान्वयन प्रक्रियामा ढिलो हुनुको साथै जिन्सी दाखिलाको लागि कार्यालयले चासो नदिनु नै प्रमुख कारण रहेको छ । यसबाट उपयोग भएको बजेटको पनि उचित प्रतिफल प्राप्त नहुने अवस्था रहन्छ । तसर्थ कार्यालयमा प्राप्त हुन आएका जिन्सी सामानहरु दाखिला गरी योजनाहरु समयमानै कार्यान्वयन तथा सम्पन्न गर्न एवम् अधुरो योजनाहरु यथा समयमै सम्पन्न गर्नु गराउनु पर्ने रु.</td><td>३७७१५५०.००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><u>ग्रामिण खानेपानी तथा सरसफाई आयोजना (३६५८०४३)</u></td><td></td><td></td><td></td></tr>
<tr><td>६२.</td><td>४४–०६९।३।२५</td><td>सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्य संचालन गोष्ठी संचालन गरे पश्चात त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने र त्यसलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । साथै उक्त कार्यको खरिद गरिएका खर्च भएर नजाने प्रकृतिका मालसामान कार्यालयमा रहेको जिन्सी खातामा आम्दानी जनाउनु पर्ने कानूनी व्यवस्था छ ।<br>शान्तिनगर गाविसमा निम्न मितिमा देवनारायणप्रसाद गुप्ताबाट सरसफाई तालिम संचालन गरेको विल भरपाई सहितको रु. ५३८३४०।०० को खर्च लेखांकन गरेको श्रेस्ता छ । तालिम प्रतिवेदन पेश नभएकोले निजले तालिममा छनौट गरेका प्रशिक्षार्थीको आधार एवम् प्रक्रिया समेत केही खुल्दैन । साथै निजले उक्त तालिमको लागि खर्च भएर नजाने प्रकृतिका तालिम सामानहरु र क्यामारा २ थान समेत खरिद गरेकोमा तालिम पश्चात कार्यालयको जिन्सी खातामा आम्दानी समेत बांधेको देखिएन ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रमहरु</th><th>तालिम संचालन मिति</th></tr>
<tr><td>१.</td><td>शौचालय बनाउने मिस्त्री तामिल</td><td>२०६९।३।३-२०६९।३।१२ सम्म</td></tr>
<tr><td>२.</td><td>सरसफाई सम्बन्धी तालिम सरस्वती प्रावि बुधवारे</td><td>२०६९।२।३१-२०६९।३।२ सम्म</td></tr>
<tr><td>३.</td><td>सरसफाई सम्बन्धी तालिम नवकिरण निमावि बुधवारे</td><td>२०६९।२।२७-२०६९।२।३० सम्म</td></tr>
</table>
उपरोक्तानुसार हुनुमा तालिम सम्बन्धी निर्धारित प्रक्रिया र पद्दतीको अनशरण नहुनु नै हो । तालिमका निर्धारित प्रक्रियाहरु नअपनाउँदा प्रशिक्षार्थी छनौट निष्पक्ष नहुने, जसलाई तालिमको बढी जरुरत हो । त्यसले प्राप्त गर्न नसक्ने र उक्त तालिमले तालिम पश्चात आयआर्जन एवम् सरसफाईको काममा टेवा दिन नसक्ने हुन सक्दछ । तसर्थ तालिमका प्रशिक्षार्थी र प्रशिक्षकहरुको उपयुक्त छनौट हुनु पर्दछ । त्यस्तै तालिममा खरिद गरी खर्च नहुने प्रकृतिका सामानहरु कार्यालयमा दाखिला गरी आम्दानी जनाउँदा उक्त सामानहरु अन्य त्यस्तै प्रकारका तालिममा पुनः प्रयोग गरी खर्च किफायती गर्न सकिन्छ । तालिम प्रतिवेदन एवम् सामानको जिन्सी आम्दानी बांधेको प्रमाण पेश हुनु पर्ने अन्यथा तिनमा भएको खर्च असुल हुनुपर्ने देखिएको रु.</td><td>७६९०४.००</td><td></td><td></td></tr>
<tr><td>६३.</td><td>४३–०६९।३।२५</td><td>स्वीकृत कार्यक्रम र आदेश अनुसार कार्य सम्पन्न भएपश्चात सोको प्रतिवेदन गर्नुपर्ने कानूनी व्यवस्था छ । अर्जूनधारा/खुदुनावारी खा. पा. यो. को सर्भेको लागि इन्जिनियर पदमप्रसाद पोखरेलले लिएको रु. ५००००।०० पेश्की फछ्र्यौट गरी निजले गरेको सर्भेको स्वीकृत रिपोर्ट पेश भएको देखिएन ।<br>उक्त रिपोर्ट कार्यालय समक्ष पेश भई अधिकार प्राप्त अधिकारीले स्वीकृत नगर्दा सो काम अनर्थको हुन जान्छ र सोही कार्यको लागि पुनः सर्भे गराउँदा बढी व्ययभार हुने सम्भावना रहन्छ । तसर्थ यस्ता कामको प्रतिवेदन समयमा नै प्राप्त गरी कार्यालयले उपयोगको लागि सुरक्षित राख्नु पर्दछ । अतः स्वीकृत सर्भे रिपोर्ट कार्यालयमा पेश गरी दाखिला भएको प्रमाण समेत पेश हुनुपर्ने रु.</td><td>५००००.००</td><td></td><td></td></tr>
<tr><td>६४.</td><td></td><td><u>लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन एकै अंक :-</u><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा खरिद संझौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्थानीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । जिविसबाट संचालित अधिकांश योजनाहरुको लेखापरीक्षण गर्दा लागत अनुमान रकम र कार्य सम्पन्न प्रतिवेदन रकम एकै भएको पाइयो । उदाहरणको रुपमा केही</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान रकम</th><th>कार्य सम्पन्न प्रतिवेदनको रकम</th></tr>
<tr><td></td><td>जनसहभागितामा आधारित कार्यक्रम (१० योजना) मध्ये</td><td></td><td></td></tr>
<tr><td>१</td><td>स्कूलचौन उमावि भवन निर्माण, महरानीझोडा</td><td>७६३४११.००</td><td>७६३४११.००</td></tr>
<tr><td>२</td><td>शहिद सुर्य मार्ग ग्राभेल, अनारमनी</td><td>८०५५४९.००</td><td>८०५५४९.००</td></tr>
<tr><td>३</td><td>जिवनज्योति प्राविदेखि तोपगाछी नहरचौक सडक ग्राभेल,</td><td>७००१८७.००</td><td>७००१८७.००</td></tr>
<tr><td>४</td><td>कृष्णी खोलामा पुल निर्माण, तोपगाछी</td><td>१३०००५४.००</td><td>१३०००५४.००</td></tr>
<tr><td>५</td><td>शहिद विष्णु मार्ग गौरादह-७ सडक निर्माण</td><td>२४३०६१.००</td><td>२४३०६१.००</td></tr>
<tr><td>६</td><td>ढंयाग्री खोला तोपगाछी वडा नं.-७, ५ पुल निर्माण</td><td>२२०१३४.००</td><td>२२०१३४.००</td></tr>
<tr><td>७</td><td>बुधवारे चक्रपथ सडक</td><td>१४३२४७३.००</td><td>१४३२४७३.००</td></tr>
<tr><td></td><td>जिविस अनुदान</td><td></td><td></td></tr>
<tr><td>८</td><td>शिवगञ्ज-३ बाट धरमपुर जोड्ने बनियानी खोलामा पुल निर्माण</td><td>५२३२३७.५६</td><td>५२३२३७.५६</td></tr>
<tr><td>९</td><td>बांध आर. सि. सि. कल्भर्ट कोहवरा</td><td>५१२७९५.९०</td><td>५१२७९५.९०</td></tr>
<tr><td>१०</td><td>जुके कल्भर्ट जामुनखाडी सिमसार क्षेत्र सडक कालोपत्रे</td><td>३०२६७२.००</td><td>३०२६७२.००</td></tr>
</table>
लागत अनुमान रकम र कार्य सम्पन्न रकमको अंक एकै हुनुको कारण यथार्थ रुपमा सम्वन्धित फिल्डमा नगई लागत अनुमान कै रकम अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हुन सक्दछ। कार्य सम्पन्न रकम र लागत अनुमान रकमको अंक एकै हुनुले कार्यको यथार्थ स्थिति नियन्त्रण नगर्ने हुन सक्दछ । तसर्थ कार्यालयले निर्माण कार्यको यथार्थ स्थिति चित्रण गर्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्न गराउन ध्यान दिनुपर्ने आवश्यक्ता देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>६५.</td><td></td><td>
<u>स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (३६५८१९३)</u><br>
आयकर नियमावली २०५९ को नियम २१ अनुसार प्राकृतिक व्यक्तिले आफ्नो आयकर निश्चित रकम स्वीकृत अवकाश कोषमा योगदान गर्न सक्ने व्यवस्था छ ।<br>
सोही अनुसार यस कार्यक्रमका जिल्ला सहजकर्ता मदनकुमार खरेलले आफ्नो मासिक पारिश्रमिक रु. ३५०००।०० को २० प्रतिशतले हुने रु. ७०००।०० मासिक रुपमा ना. ल. कोष कट्टी गरेको देखिन्छ । उक्त ना. ल. कोष कट्टी देहाय बमोजिम नागरिक लगानी कोषमा पठाइएको छ । जुन निजले तलबमा कटाएको भन्दा रु. ७००००।०० बढी हुन गएकोले ना. ल. कोष दाखिला दोहोरो पर्न गएको पाइयो ।
<table>
<tr><th>भौ. नं., मिति</th><th>महिना संख्या</th><th>दाखिला रकम</th></tr>
<tr><td>९३-२०६९।१।२५</td><td>साउन-बैशाख ( १० महिना)</td><td>७००००।००</td></tr>
<tr><td>१२१-२०६९।३।२१</td><td>साउन-आषाढ ( १३ महिना)</td><td>९१०००।००</td></tr>
<tr><td colspan="2">जम्म २३ महिना</td><td>१६१०००।००</td></tr>
</table>
यसरी कट्टी गरिएको भन्दा बढी एवम् दोहोरो ना. ल. कोष दाखिला भुलबश हुन गएको देखिन्छ। यसरी खर्चको गलत लेखांकनले सरकारी हानी नोक्सानी बढाउँछ । यस किसिमका त्रुटीहरु रोक्न समयमा नै मासिक रुपमा कोष दाखिलाको परिपाटी हुनु पर्दछ । उपरोक्तानुसार भौ. नं.-९३-०६९/१/२५ मा दाखिला भएको बढी रकम सम्बन्धित कर्मचारीबाट असुल हुनु पर्ने रु.
</td><td>७००००.००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>६६.</td><td></td><td>यो कार्यक्रमको अख्तियारी साथ पठाइएको निर्देशनमा जिल्ला विकास समितिले गत आ. व. का भुक्तानी गर्न बांकी रकम भुक्तानी दिंदा पालना गर्नुपर्ने अनिवार्य शर्तहरुको बुंदा नं.-३ मा गाउँ विकास समितिबाट संचालित योजनाको हकमा योजना अनुगमन तथा प्रशासकीय अधिकृत संयोजक भई आन्तरिक लेखापरीक्षक जिविसले तोकेको प्राविधिक इन्जिनियर तथा जिल्ला सहजकर्ता संलग्न रहेको सहजिकरण समितिबाट प्रत्येक आयोजना आवश्यक देखिएमा स्थलगत निरीक्षण समेत गरी आयोजना सम्पन्न भए/नभएको यकिन पश्चात मात्र भुक्तानी गर्ने । सो निर्देशनको शर्त नं.-४ मा जिल्ला विकास समितिबाट संचालित आयोजनाको हकमा जिल्ला सुपरिवेक्षण तथा अनुगमन समितिबाट प्रत्येक आयोजनाको स्थलगत निरीक्षण गरी सो समितिको प्रतिवेदनको आधारमा मात्रै भुक्तानी गर्नुपर्ने । बुंदा नं.-२ मा भुक्तानी गर्दा सम्बन्धित आयोजना सम्पन्न भएको भौतिक प्रगति झल्कने तस्वीर अनिवार्य संलग्न गर्नुपर्ने कुरा उल्लेख छ ।<br>कार्यालयबाट जिविसले संचालन गरेका आयोजनाहरुमा रु. १४४०००००।०० र गाविसद्वारा संचालित आयोजनाको लागि रु. ९४४४०००।०० गरी जम्मा रु. २४०४४००।०० गत वर्षको भुक्तानी हुन बांकी रकम भुक्तानी दिएको छ । भुक्तानी दिंदा उपरोक्तानुसारका व्यवस्थालाई अनुशरण गरेको देखिएन । यसो हुनुमा ती शर्तहरु तर्फ कार्यालयको ध्यान जान नसकेको देखिन्छ । शर्त एवम् निर्देशनको अनशरण नहुँदा ती निर्देशनको उद्देश्य हासिल हुदैन । तसर्थ यस्ता निर्देशन एवम् शर्तहरुको पुर्ण पालना हुन आवश्यक छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>साना सिंचाई कार्यक्रम (३६५०१६३)</u></td><td></td><td></td><td></td></tr>
<tr><td>६७.</td><td>१०–०६९।२।३</td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समितिबाट काम गर्दा सम्झौता भन्दा घटी रकमको काम भए दिने अनुदान पनि सोही अनुपातमा कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । भुल्लुङ्ग पैनी मर्मत वापत उपभोक्ता समितिलाई भुक्तानी गर्दा अनुपातिक कट्टी गरेको देखिएन । जसको अवस्था यस प्रकार रहेको छ ।
<table>
<tr><th>आयोजनाको लागत अनुमान/सम्झौता रकम</th><th>जिविसले व्यहोर्ने बजेट</th><th>उपभोक्ता समितिले व्यहोर्ने रकम</th><th>नापी किताब र कार्य सम्पन्न प्रतिवेदन अनुसारको काम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>कम कट्टी भएको रकम</th></tr>
<tr><td>७५६४५५.००</td><td>५०००००.००</td><td>२५६४५५.००</td><td>७२३८७९.००</td><td>४८४२७५.००</td><td>१५७२५.००</td></tr>
</table>
उपरोक्तानुसार सम्झौता अनुरुप अनुपातिक कट्टी नहुनुमा अनुपातिक कट्टी गर्न छुट्टाएको नै प्रमुख कारण हो । जसले गर्दा हुनुपर्ने भुक्तानी भन्दा बढी रकम भुक्तानी हुन गएको छ । अतः रकम भुक्तानी गर्दा कवोल अंक र उसले सम्पादन गरेको कार्य सम्पन्न अंकलाई मध्यनजर गरी अनुपातिक कट्टी गरेर मात्र भुक्तानी दिनु पर्दछ । अतः अनुपातिक कट्टी हुनुपर्ने रकम असुल गरी दाखिला हुनुपर्ने रु.</td><td>१५७२५.००</td><td></td><td></td></tr>
<tr><td>६८.</td><td></td><td><u>पिछडिएको तराई मधेश विशेष कार्यक्रम (३६५८३६३)</u><br>पिछडिएको तराई मधेश विषेश कार्यक्रम कार्यान्वयन मार्गदर्शनको वुदाँ नं. ४ मा जिल्ला विकास समितिको समन्वय र जिम्मेवारीमा सम्वन्धित गा.वि.स.वाट सिफारिस भई आएका योजना मध्ये न्यूनतम रु. १० लाखका कार्यक्रम छनौट गरी संचालन गर्नुपर्ने व्यवस्था छ ।<br>जिल्ला विकास समितिले यस कार्यक्रमको लागि यस वर्ष विनियोजित रकम रु. ५२,५०,०००।०० मध्ये रु.</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>४९०६२८०।०० खर्च गरेको र ७ वटा कार्यक्रम छनौट गरी संचालन गरेकोमा देहायका ४ कार्यक्रम रु. १० लाख भन्दा घटी बजेटका योजनाहरु संचालन गरेको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>विनियोजित रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>सरसफाई तथा शौचालय निर्माण, महेशपुर</td><td>११९२४७.१२</td><td>१०००००.००</td><td>१०००००.००</td></tr>
<tr><td>२</td><td>सरसफाई तथा शौचालय निर्माण, घेरावारी</td><td>३६००००.००</td><td>३०००००.००</td><td>३०००००.००</td></tr>
<tr><td>३</td><td>सरसफाई तथा शौचालय निर्माण, बालुवाडी</td><td>४४५५००.००</td><td>३०००००.००</td><td>२८८०००.००</td></tr>
<tr><td>४</td><td>सरसफाई तथा शौचालय निर्माण, पाठामारी</td><td>३५९४१६.२०</td><td>३०००००.००</td><td>२६९०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>१००००००.००</td><td>९५७०००</td></tr>
</table>
कार्यक्रम कार्यान्वयन मार्गदर्शन अनुसार खर्च नगरिनुमा रकम खर्च गर्न अख्तियारी दिंदा दिइएको निर्देशन र मार्गदर्शनको व्यवस्था पालना गर्न ध्यान नदिनुनै प्रमूख कारण रहेको मानिन्छ । यसरी मार्गदर्शन विपरित खर्च गर्दा योजना र प्रक्रिया अनुसार काम हुन सक्दैन । कार्यालयले मार्गदर्शन विपरित कार्यक्रम छनौट गरी संचालन गरेकोमा नियमानुसार नभएको रु १००००००।०० देखिएको छ । तसर्थ कार्यालयले निर्देशन र मार्गदर्शनको व्यवस्था पालना गर्न गराउन ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६९.</td><td></td><td><u>सामाजिक सुरक्षा कार्यक्रम :</u><br>जनगणना २०५८ का अनुसार झापा जिल्लाको कुल जनसंख्या १०२३२८४ रहेकोमा हाल सामाजिक सुरक्षाको भत्ता वितरण वार्षिक सरदर २६६७८९२६२।०० छ । उक्त जनगणनालाई आधार लिदा हाल सामाजिक सुरक्षा भत्ता पाउने संख्या लगभग ५ प्रतिशतको हाराहारीमा रहेको पाइयो । यो वर्ष नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस जिल्लामा रु. २६७३५६०००।०० बजेट विनियोजन भएकोमा रु. २६७२९२६२०।०० निकासा तथा खर्च भएको श्रेस्ताबाट देखिन्छ । सामाजिक सुरक्षा निर्देशिकाले निर्देशन गरे बमोजिम दशैंको समय, शहिद सप्ताहको समय र लोकतन्त्र दिवसको समयमा प्रथम, दोस्रो र तेस्रो किस्ता वापतको रकम सम्बन्धितहरुलाई दिई सक्नु पर्नेमा सो अनुसार वितरण गरेको देखिएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>७०.</td><td></td><td>पेश्की फछ्यौट सम्वन्धमा : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) म पेश्की लिनु पर्दा कामको निमित्त के कती रकम चाहिने सो को विवरण पेश गर्नु पर्ने नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२ (३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न केन्द्रिय शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>१</td><td>प्रकाशचन्द्र चौधरी</td><td>१९००००.००</td><td>LGCDP</td></tr>
<tr><td>१</td><td>सिम्लेश्वर विल्डर्स</td><td>९५९०००.००</td><td>३६५८३१३</td></tr>
<tr><td>१</td><td>शरणामती दलित उपभोक्ता समिति</td><td>८०००।००</td><td>३६५१०६३</td></tr>
</table>
ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्यौट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की नियमानुसार फछ्र्योट हुनुपर्ने रु.</td><td>११५७०००.००</td><td></td><td></td></tr>
<tr><td>७१.</td><td></td><td><u>आन्तरिक लेखापरिक्षण</u> – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ ।<br>यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । आन्तरिक लेखापरीक्षणको प्रतिवेदन २०६९।४।३० मा पेश गरेको देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु मात्र औंल्याएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो पेश्की फछ्र्यौट गरेको पाईएन । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्ने गरेतापनि बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो ।<br>जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण समेत जि.वि.स. कै लेखापरीक्षकवाट हुने हुंदा कार्यवोझको कारणले समयममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ ।<br>आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन ।<br>नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदन मा समावेश निम्न व्यहोरा उपर कारबाही भएको पाइएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>६७.१</td><td>४०–०६९/९/१</td><td>एल. जि. सि. डि. पि. सहजीकरण कार्यक्रमको बैठक भत्ता इन्जिनियर सुशिल श्रेष्ठलाई भत्ता बुझाएको भरपाई संलग्न नभएकोले सो संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.</td><td>८५०.००</td><td></td><td></td></tr>
<tr><td>६७.२</td><td>५९–०६९/१०/१७</td><td>क्षमता विकास कार्यक्रम मार्फत गाविस सचिव क्षमता विकास तालिम संचालन गरिएकोमा LEFON Research and Training Center, Kathmandu लाई मु. अ. कर सहित रु. १५००००।०० भुक्तान गरिएकोमा सो को नियमानुसारको १.५ प्रतिशत करकट्टी नभई भुक्तान भएको हुंदा सो रकम असुल उपर गरी सम्बन्धित निकायमा दाखिला गर्नुपर्ने रु.</td><td>१९९१.००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि सबै बुदाको कारबाही गर्न समय कम रहेको मुख्य कारण रहेको पाइएको छ । प्रतिवेदनको कारवाही यथाशिघ्र नगरीदा हुनसक्ने सुधारहरु नहुने अवस्था रहने गर्दछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>उपेक्षित उत्पीडित र दलितवर्ग उत्थान (३६५१०६३)</u></td><td></td><td></td><td></td></tr>
<tr><td>७२.</td><td></td><td>स्वीकृत कार्यक्रम अनुसार तालिम गोष्ठी संचालन भई समापन भए पश्चात कार्यक्रम सम्पन्न भएको विल भरपाई सहितको प्रतिवेदन पेश गरी स्वीकृत गराउनु पर्ने र उक्त तालिममा खर्च भएका पूंजीगत सामानहरु जिन्सी दाखिला गरी आम्दानी जनाउनु पर्ने कानूनी व्यवस्था छ ।<br>यस कार्यक्रम अन्तरगत सिलाई बुनाई कार्यक्रम संचालन गर्दा लिएको पेश्की देहाय बमोजिमका फछ्र्यौट हुँदा तालिममा उपयोग भएको पूंजीगत प्रकृतिका सिलार्य मेशिन आईरन, कैची जस्ता सामानहरु ती संस्थाहरुले आफ्नै जिम्मा राख्ने निर्णय गरेको प्रतिलिपि पेश गरेका छन् । उनीहरुको जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण पेश गरेका छैनन ।
<table>
<tr><th>भौ.नं./ मिति</th><th>विवरण</th><th>सिलाई मेशिन थान</th><th>मुल्य रु. (भ्याट सहित)</th></tr>
<tr><td>५–६८।९।१८</td><td>दलित उपभोक्ता समिति पृथ्वीनगर बालुवाडी</td><td>५</td><td>५९५००.००</td></tr>
<tr><td>१४–६९।१।४</td><td>दलित उत्थान सामुदायिक संघ बाहुण्डांगी</td><td>४</td><td>३४१९०.००</td></tr>
<tr><td colspan="3"></td><td>९३६९०.००</td></tr>
</table>
यसो हुनुमा जिन्सी पूंजीगत सामानहरुको जिन्सी खातामा आम्दानी जनाएको प्रमाण हुनु पर्ने भन्ने कुरा नबुझेको देखिन्छ । त्यस्ता प्रकृतिका सामानहरु पुनः प्रयोगमा आउने हुनाले त्यसको उचित अभिलेख र संरक्षण गरे फेरी/फेरी आगामी वर्ष तालिम संचालन गर्दा खर्च किफायती हुन जान्छ । प्रत्येक वर्ष यस्ता तालिम संचालनबाट उनीहरुले कति सामान जोडेका छन् भन्ने थाहा हुने र जिन्सीको उचित संरक्षणमा पनि टेवा पुग्दछ । तसर्थ उपरोक्तानुसारका जिन्सी सामान उनीहरुले आफ्नो जिन्सी खातामा आम्दानी बांधेको रेडर्क पेश गर्नुपर्ने परिपाटी बसाल्ने तर्फ कार्यालयले पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>७३.</td><td></td><td><u>अनुगमन परीक्षण सम्बन्धमा –</u> कार्यालयले विगत वर्षको लेखापरीक्षणबाट देखिएका पेश्की बेरुजूमध्ये आ.व. ०६७।६८ को र आ. व. ०६६।६७ को विल भरपाई पेश नभएको र पेश्की बांकी रहेको रकम मध्ये लेखापरीक्षण डोरमा पेश हुन आएको प्रमाण कागजात परिक्षण गर्दा निम्नानुसारको रु. ७०७७५६२।०० फछ्र्यौट गरी सम्परिक्षण गरिएको छ । उक्त संपरीक्षण गरिएको रकमको लगत कट्टा गरी सो को जानकारी पत्र मार्फत पछि पठाईने छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| बेरुजु दफा नं. | आ. व. | फछ्र्यौट रकम | क-१-६ दाखिला | जम्मा |
|---|---|---|---|---|
| २०.५ | २०६७/०६८ | ७५००.०० | ०.०० | ७५००.०० |
| ६ | २०६६/०६७ | १०२६९५०.०० | ०.०० | १०२६९५०.०० |
| ६ | २०६६/०६७ | ४०९०००.०० | ०.०० | ४०९०००.०० |
| ११ | २०६६/०६७ | २१०४००.०० | ०.०० | २१०४००.०० |
| १६ | २०६६/०६७ | २२४००००.०० | ०.०० | २२४००००.०० |
| १८ | २०६६/०६७ | ३३९१०६.०० | ०.०० | ३३९१०६.०० |
| २१ | २०६६/०६७ | ०.०० | २९२८.०० | २९२८.०० |
| २४ | २०६६/०६७ | २००००.०० | ०.०० | २००००.०० |
| १२ | २०६७/०६८ | ११००००.०० | ०.०० | ११००००.०० |
| १५ | २०६७/०६८ | ०.०० | ६३८१.०० | ६३८१.०० |
| २२ | २०६७/०६८ | ५०००००.०० | ०.०० | ५०००००.०० |
| २३ | २०६७/०६८ | ३५००००.०० | ०.०० | ३५००००.०० |
| ३१ | २०६७/०६८ | १५००००.०० | ०.०० | १५००००.०० |
| ४६ | २०६७/०६८ | १७०५२९७.०० | ०.०० | १७०५२९७.०० |
| | जम्मा | ७०६८२५३.०० | ९३०९.०० | ७०७७५६२.०० |

| बेरुजु दफा नं. | आ. व. | गाविस | फछ्र्यौट रकम | क-१-६ दाखिला | जम्मा |
|---|---|---|---|---|---|
| २० | २०६२/०६३ | कोरोवारी | ०.०० | १४३२५.०० | १४३२५.०० |
| २० | २०६२/०६३ | हल्दिवारी | ०.०० | २६२५.०० | २६२५.०० |
| २० | २०६२/०६३ | दुवागढी | ०.०० | ४२५.०० | ४२५.०० |
| २.२ | २०६३/०६४ | कोरोवारी | ०.०० | १०००.०० | १०००.०० |
| २.२ | २०६३/०६४ | गरामनी | ०.०० | १०००.०० | १०००.०० |
| २.२ | २०६३/०६४ | शनिश्चरे | ०.०० | ४८००.०० | ४८००.०० |
| २.२ | २०६३/०६४ | दुवागढी | ०.०० | ३२००.०० | ३२००.०० |
| २.२ | २०६३/०६४ | जलथल | ०.०० | ६८००.०० | ६८००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>२.४</td><td>२०६३/०६४</td><td>शान्तिनगर</td><td>०.००</td><td>७२००.००</td><td>७२००.००</td></tr>
<tr><td>२.६</td><td>२०६३/०६४</td><td>खुदुनावारी</td><td>०.००</td><td>६००.००</td><td>६००.००</td></tr>
<tr><td>४४</td><td>२०६५/०६६</td><td>खजुरगाछी</td><td>०.००</td><td>९०००.००</td><td>९०००.००</td></tr>
<tr><td>४४</td><td>२०६५/०६६</td><td>टाघनडुब्बा</td><td>०.००</td><td>४६००.००</td><td>४६००.००</td></tr>
<tr><td>४४</td><td>२०६५/०६६</td><td>दुवागढी</td><td>०.००</td><td>१४३००.००</td><td>१४३००.००</td></tr>
<tr><td>४४</td><td>२०६५/०६६</td><td>पृथ्वीनगर</td><td>०.००</td><td>४८००.००</td><td>४८००.००</td></tr>
<tr><td>४४</td><td>२०६५/०६६</td><td>हल्दिवारी</td><td>०.००</td><td>५०००.००</td><td>५०००.००</td></tr>
<tr><td>२९</td><td>२०६६/०६७</td><td>हल्दिवारी</td><td>०.००</td><td>९०००.००</td><td>९०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>०.००</td><td>८८६७५.००</td><td>८८६७५.००</td></tr>
</table>
<table>
<tr><td>कुल जम्मा</td><td>७०६८२५३.००</td><td>९७९८४.००</td><td>७१६६२३७.००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>७४.</td><td></td><td>
<u>स्थलगत अवलोकन :</u>
<table>
<tr><th>क्र. सं.</th><th>योजनाको नाम</th><th>रकम</th><th>देखिएको व्यहोरा</th></tr>
<tr><td>१</td><td>सैनिकमोड गोलधाप सडक कालोपत्रे</td><td>६०००००.००</td><td>६० मिटरको ड्रेन लाईन निर्माण र १०० मिटर कालोपत्रे गरेको ।</td></tr>
<tr><td>२</td><td>लक्ष्मी उच्च मावि, बनियानी</td><td>२५१५०००.००</td><td>भवन निर्माण भईरहेको । स्ट्रक्चरको काम सम्पन्न गरी इलेक्ट्रिफिकेशन, सानिटरी सम्बन्धी काम भईरहेको ।</td></tr>
<tr><td>३</td><td>दलित भवन, सुरुङ्गा</td><td>१००००००.००</td><td>निर्माणाधिन</td></tr>
<tr><td>४</td><td>अदुवा खोला कल्भर्ट निर्माण</td><td>७२००००.००</td><td>निर्माण सम्पन्न ।</td></tr>
</table>
स्थानीय निकाय अर्थिक प्रशासन नियमावली २०६४ को दफा १५५ (५) (फ) मा जटिल प्राविधिक पक्ष समावेश भएका कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था छ । माथि उल्लेखित सडक कालोपत्रे, भवन निर्माण तथा कल्भर्ट निर्माण कार्य उपभोक्ता समितिबाट गराएको देखिन्छ । उपभोक्ता समितिबाट काम गराउँदा कार्य सम्पन्न पश्चात बिग्रे भत्केको कार्य सुधार गर्न नसकिने तथा समयमा कार्य सम्पन्न नगर्दा जरिवाना लगाउन मिल्ने व्यवस्था समेत नभएको अवस्था छ । यसबाट कामको गुणस्तर प्रत्यक्ष प्रभाव पार्दछ । सैनिकमोड गोलधाप सडकमा उपभोक्ता समितिबाट गराउँदा स्टीमेट र सम्झौता अनुसारको ६० मिटरसम्मको बाटो किनार क्षेत्रमा माटो भर्ने कार्य रु. ४७९९८।५० मा भएको देखिन्छ । उपभोक्ताबाट जटिल प्राविधिक पक्ष समावेश भएको कार्य गराउन नहुने र काम भएको कामको भुक्तानी रकम असुल गर्नुपर्दछ रु.
</td><td>४७९९८.५०</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ७५. | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १३१ मा प्राविधिकम नापजांच गरी वास्तविक कार्य सम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था छ । भारतीय दुतावासको सहयोगमा निर्माण भई रहेको श्री लक्ष्मी उच्च मावि, बनियानी भवनको स्थलगत अवलोकन गर्दा **Providing and fixing 320mm grill-118.48** घ. मि. को रु. १७१७९६।०० र **salwood shutter work for door and windows-122.94** घ. मि. को रु. ३६७८६०।०० समेत जम्मा रु. ५३९६५६।०० भुक्तानी दिएकोमा ग्रिल लगाउने कार्य भए गरेको देखिएन भने झ्यालको पल्लामा सिसा राखी फिट गरेको समेत देखिन आएन ।<br>नभएको कार्यको नापी मुल्यांकन गर्नु कार्य प्रतिको सचेतता नरहनु नै प्रमुख कारण रहेको देखिन्छ । कार्य नभएकोमा पनि नापी मुल्यांकन गरी भुक्तानी दिंदा निर्माण व्यवसायीलाई फाईदा पुगी कार्यालयलाई बढी व्ययभार पर्न गएको छ । तसर्थ काम नै नभएको कार्यको नापी मुल्यांकन गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिएको रु. | ५३९६५६.०० | | |